# पूर्वाञ्चलमा मिडिया: सम्भावना र चुनौतीबीच केही प्रयास केही प्रवृत्ति

भास्कर गौतम

पूर्वाञ्चल क्षेत्रमा मेची, कोसी र सगरमाथा गरेर तीनओटा अञ्चल र १६ जिल्ला[१] पर्दछन्। यसको क्षेत्रफल २८,४५६ वर्ग किलोमिटर छ। देशको कुल जनसङ्ख्याको २३ प्रतिशत (५३,६३,३९५)[२] यहाँ वसोवास गर्छन्।

पूर्वाञ्चलको भौगोलिक पहुँचभित्र ताप्लेजुङ्ग, इलाम जस्ता पहाडी भेगमा *ताप्लेजुङ्ग साप्ताहिक, सूत्रधार* जस्ता पत्रिकाहरूले पत्रकारिताको राम्रै अभ्यास गरिरहेका छन्। त्यस्तै दक्षिण/पश्चिमतिर पर्ने राजविराजमा पनि नेपाली र मैथिली दुवै भाषामा निस्कने पत्रिकाहरूले निरन्तरता पाएकै छन्। सङ्ख्याको हिसावले नौओटा पत्रिकाहरू नियमित निस्कन्छन् राजविराजवाट (प्रेस काउन्सिल २०५८: ८०-८५)। तर यस अध्ययनको उद्देश्य पूर्वाञ्चलका सम्पूर्ण भौगोलिक क्षेत्रलाई समेट्नु होइन। पूर्वाञ्चलका सहरी केन्द्रका रूपमा रहेका विराटनगर, धरान र भद्रपुर (विर्तामोड पनि यहाँ समावेश छ) मा हुने गरेका पत्रकारिताका प्रयास र प्रकृतिको विश्लेषण यस अध्ययनको ध्येय हो। यी तीन पुराना र वर्तमानमा पनि पूर्वाञ्चलका उल्लेखनीय सहर हुन्। त्यसैले यस ठाउँको पत्रकारिताका अभ्यासहरूले पूर्वाञ्चलको प्रभावशाली सहरी प्रवृत्तिको झलक दिनसक्छ भन्ने ठहर गरिएको छ। यही कारण दमक, उर्लावारी, रङ्गेली, इटहरी, इनरूवा, लहान, उदयपुर लगायत अन्य स-साना सहरहरूमा हुने गरेका पत्रकारिताका अभ्यासवारे यस लेखमा खासै केही उल्लेख हुने छैन। माथिका तीनओटा सहरहरूमा स्थानीय छापा र रेडियोको अवस्था कस्तो छ? विद्यमान अवस्थामा सार्वजनिक हितका पक्षमा, स्थानीय सरकारका गतिविधिमाथि निगरानी राख्ने, जनतालाई सुसूचित गर्ने र अनियमिततालाई उजागर गर्ने हिसावले यी मिडियाहरू अगाडि वढ्न सक्ने अवस्थामा छन् कि छैनन् ? यिनीहरूसँग के-कस्ता चुनौतीहरू छन् ? यो अध्ययनले यिनै कुराहरूलाई केलाउने प्रयास गर्ने छ।

विराटनगरमा २०५८ पुस मसान्तसम्म पत्रिकाको दर्ता सङ्ख्या १३३ पुगेको छ। त्यस्तै धरानमा ५६ र झापामा यो सङ्ख्या ६६ छ। त्यसैले यी तीनओटा सहरहरूमा दर्ता भएका पत्रिकाहरूको सङ्ख्या मात्र २५५ देखिन्छ। अनि *कान्तिपुर एफएमले* आफ्नो काठमाडौंको कार्यक्रमलाई भेडेटारमा अवस्थित स्टेसनवाट पूर्वाञ्चलमा रिले गर्ने वाहेक २०५७ माघ १ गतेदेखि विराटनगरमा *कोसी एफएम* र २०५८ असोज २९

---

१. ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, सङ्खुवासभा, भोजपुर, सोलुखुम्वु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, सप्तरी र सिरहा पूर्वाञ्चलका १६ जिल्लाहरू हुन्।

२. राष्ट्रिय तथ्याङ्क विभाग जनगणना २००१ को प्रारम्भिक नतिजामा आधारित।

गतदेखि इटहरीमा आफ्नो परीक्षण प्रसारणसँगै *सप्तकोसी एफएम* पनि सुरु भएको छ। २०५७ चैत्रमा *कोसी एफएम*को एन्टेना ढलेपछि लगभग ७ महिना यो पूर्णरूपमा वन्द थियो। २०५८ मङ्सिरदेखि यसले आफ्नो नियमित प्रसारण पुनः सुरु गरेको छ।

अनुसन्धानको उद्देश्य प्राप्तिका निम्ति यी क्षेत्रहरूमा भएका पत्रकारिताका विभिन्न अभ्यास र प्रवृत्तिहरूलाई वुझ्न लेखलाई समाजिक आर्थिक अवस्था, प्रकाशनको साङ्गठनिक स्वरूप, प्रकाशनमा सक्रिय शक्तिहरू र व्यावसायिक चुनौतीअन्तर्गतका चार शीर्षकमा चर्चा गरिएको छ। क्रमैपिच्छे एकै प्रकारका शीर्षकअन्तर्गत चर्चा नगर्नको निम्ति विराटनगर, धरान र भद्रपुर भन्ने उप-शीर्षकमा यो लेख विभाजित छैन। त्यसैले गर्दा विश्लेषणहरू अस्पष्ट नै नभए पनि कुनै कुनै ठाउँमा यो लेख सोचे जस्तो सरल नहुन पनि सक्छ। तर लेखको सुरुमा, यो अध्ययन प्रारम्भ गर्नु पूर्व यस क्षेत्रमा भएका अध्ययन अनुसन्धान, नियमित निस्कने पत्रिकाहरूको जानकारी र ती पत्रिकाहरूमा प्रकाशित हुने विषयवस्तुका वारेमा छलफल गरिने छ।

"पूर्वी नेपालको पत्रकारिता नवीन परिस्थितितर्फको सङ्क्रमण कालमा छ, जहाँ केही उत्साह, केही चिन्ता, केही चुनौती र केही संभावनाहरू देखापरेका छन्। ...यस सङ्क्रमणकालमा गुणात्मक विकासतर्फको प्रयासलाई प्रोत्साहित गर्ने आवश्यकता छ। ...यसवेला पर्याप्त लगानी चाहिएको छ" (गौतम २०५८)। लगानीको आवश्यकता र अभावसँगै सीमित विज्ञापन, पत्रिकाहरूको धेरै दर्ता र थोरै नियमितता, सीमित स्रोत र साधन आदिका भरमा सम्पादक आफैंले सवै कार्यहरू गर्नुपर्ने वाध्यता र विशेष गरेर विराटनगरका पत्रकारहरूको आचारमा भएका कमीकमजोरी वारेमा नेपाल पत्रकार महासङ्घ, मोरङ शाखावाट २०५४ सालपछि प्रकाशित तीनओटा स्मारिकाहरूका फुटकर लेखहरूमा धेरै औंल्याइएका छन्। २०५५ सालमा क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरले नेपाल पत्रकार महासङ्घका स्थानीय शाखाहरूसँग मिलेर मेची, कोसी, सगरमाथा र जनकपुरका १२० जना सम्पादक/प्रकाशकहरूको सहभागितामा 'स्थानीय पत्रिकाका समस्या र समाधान' विषयक कार्यशालामा चारओटा अञ्चलका जम्मा ३२६ समस्याहरूवारे छलफल गरी समाधानको लागि पहल गर्नुपर्ने निकायहरूको पहिचान गरिएको थियो। पत्रिका स्वयंले समाधान गर्नुपर्ने समस्या ६१ ओटा र श्री ५ को सरकारका निकायहरूले ५६ ओटा समस्याको समाधान गर्नुपर्ने कार्यशालामा उपस्थित सहभागीहरूको सिफारिस रहेको थियो। यीलगायतका वाह्रओटा निकायसँग मिलेर समस्याहरू सुल्झाउन सकिने निष्कर्ष कार्यशालाले निकालेको थियो (क्षेत्रीय सञ्चार स्रोत केन्द्र २०५५)।[३] यसले के देखाउँछ भने स्थानीय पत्रिकाहरूका समस्याको सूची लामो छ र यी समस्याहरूलाई गम्भीरतापूर्वक

---

३. नेपाल पत्रकार महासङ्घ, क्षेत्रीय सञ्चार स्रोत केन्द्र, प्रेस काउन्सिल नेपाल मिडिया विकास कोष), स्थानीय निकायहरू, स्थानीय प्रहरी र प्रशासन, वित्तीय संस्था/औद्योगिक व्यापारिक समूहहरू, स्थानीय निकायहरू, दूर सञ्चार र व्यवस्थित हुलाक सेवा, नेशनल ट्रेडिङ्ग लिमिटेड अनि राजनैतिक दलहरू, पत्रिका स्वयं र सूचना विभाग कार्यशालामा पहिचान भएका वाह्रओटा निकायहरू हुन्।

पहल गर्नुपर्ने निकायहरू थुप्रै छन्। साथै यी समस्याहरू ज्यादै जटिल र पत्रिकाका हैसियत अनि अवस्थाभन्दा वाहिरका हुन् भन्ने तथ्यलाई प्रतिवेदनको निष्कर्षमा पनि स्वीकारिएको छ।

२०४४ सालमा मोरङ जिल्लाको पत्रकारिता लगायत विभिन्न प्रकाशनको इतिहासलाई समेट्ने प्रयास प्रमोद प्रधानले गरेका थिए (प्रधान २०४४)। प्रधानको यो अनुसन्धानात्मक लेखमा २०४४ सम्मको पत्रकारिता र अन्य प्रकाशनहरूको विवरणात्मक इतिहास प्रस्तुत गरिएको छ। प्रमोद प्रधानकै सक्रियता र सम्पादनमा २०४८ सालमा नारदप्रसाद ओझाद्वारा लिखित अपूर्ण पुस्तक प्रकाशनमा आएको थियो (ओझा २०४८)। यस पुस्तकले २०१८ सालदेखि लगभग २०४४ सालसम्मको विशेष गरेर विराटनगरको र आंशिक रूपमा झापाको, पत्रकारितामा ओझाका अनुभवहरूलाई समेटेको छ। यसको गद्य कतैकतै पत्रकारहरूको निम्ति हातेपुस्तकमा प्रयुक्त गद्य जस्तो पनि देखिन्छ। तर जे होस्, विवरणात्मक इतिहासहरू मात्र लेखिएको अवस्थामा ओझाका यी अनुभवहरूले त्यसवेलाको पत्रकारिताको अलि भिन्न चित्र प्रस्तुत गर्न भने सहयोग पुऱ्याउँछ नै। त्यस्तै डिल्लीराम निर्भीकले *हिजोआज* दैनिकका सम्पादकीय, लेखरचना, समाचार र अन्य विभिन्न विषयमा धेरै व्यक्तिहरूलाई लेख्न लगाएर *पत्रकारिता परिवेशः विविध विचार* पुस्तक प्रकाशमा ल्याएका थिए (निर्भीक २०५५)। निर्भीकको यस पुस्तकमा २०४६ सालभन्दा पूर्वको पत्रकारिताका सन्दर्भहरू पनि समेटिएका छन्। त्यसैले *हिजोआज* पत्रिका वाहेक र केही हदसम्म झापाको पत्रकारितावारे प्रारम्भिक जानकारी पनि यस पुस्तकले दिन्छ। यी वाहेक पनि २०४६ सालभन्दा अगाडिका सन्दर्भहरूका वारेमा अरू धेरै सामग्री लेखिएका हुनसक्छन्। तर लेखिएकै भएपनि सहजरूपमा उपलव्ध हुने स्थान र अवस्थामा ती छैनन्।

इतिहासकै चर्चा गर्दा २०५५ सालमा अमृतलाल श्रेष्ठले मेची अञ्चलकै पत्रकारिताको विकासवारे छोटो लेख लेख्नु भएको थियो (श्रेष्ठ २०५५)। यस लेखमा विशेष गरेर झापा, इलाम, पाँचथर र ताप्लेजुङ्गका पत्रपत्रिकाहरूवारे जानकारी प्रस्तुत गरिएको छ। नेपाल पत्रकार महासङ्घ झापा शाखावाट २०५६ सालमा प्रकाशित स्मारिकामा तत्कालीन समयसम्मको झापाको विवरणात्मक इतिहास प्रस्तुत गरिएको छ (नेपाल पत्रकार महासङ्घ २०५६)। यी वाहेक पत्रकारिताका अन्य प्रयासहरूवारे झापाको सन्दर्भमा अरू केही भेटिंदैन। अनि सुनसरी वा विशेष गरेर धरानको अवस्थामा २०४६ सालपछि इतिहासको वा अन्य मिडियासम्वन्धी अध्ययनको कुनै उल्लेखनीय टिपोट पाइएको छैन। र अहिलेसम्म नेपाल पत्रकार महासङ्घ सुनसरी शाखावाट यससम्वन्धी कुनै प्रकाशन पनि प्रकाशित भएका छैनन्।

यिनै स्मारिकाहरूमा स्थानीय पत्रकारिताका वारेमा लेखिने सामग्रीहरू वाहेक पछिल्ला ४-५ वर्षमा स्थानीय र काठमाडौंवाट प्रकाशित पत्रिकाहरू वा प्रेस काउन्सिलका प्रकाशनहरूमा अन्य विविध पक्षहरूकावारे पनि स-साना लेख र समाचारहरू प्रकाशित हुने गरेका छन्। समयसमयमा क्षेत्रीय सञ्चार स्रोत केन्द्र वा अन्य मिडियासँग सम्वन्धित सङ्घसंस्थाहरूले गर्ने कार्यशाला र गोष्ठीहरूले पनि स्थानीय पत्रकारिताका वारेमा थप सामग्री उत्पादन गर्नमा सहयोग पुऱ्याइरहेका छन्।

चूडामणि रेग्मी, दाङ खालिङ, कोमलप्रसाद पोखरेलले *नयाँ कामना* साप्ताहिकमा प्रकाशित विषयवस्तुका वारेमा लेखेका लेखहरू स्थानीय पत्रिकाका विषयवस्तु विश्लेषणका हिसाववाट उल्लेखनीय छन्। त्यस्तै २०५५ साउनपछिका *चिरफार*का अङ्कहरूमा विराटनगरको पत्रकारिताका विभिन्न सन्दर्भका रामरिझन यादवका शृङ्खलावद्ध लेखहरू उल्लेखनीय छन्। यी लेखहरूले एकातिर विज्ञापन, स्थानीय पत्रिकाको अवस्था, सरकारसँगसँगै सरकारी समाचार माध्यमका सम्वाददाताहरूको नियुक्तिमा हुनेगरेको परिवर्तन, व्यवस्थापकीय समस्या लगायत विभिन्न विषयहरूमा राम्रै विश्लेषण प्रस्तुत गरेका छन्। कमसेकम स्थानीय पत्रकारिताका विषयहरूमा लेखिएका उपदेशमूलक र एकैप्रकारका रटनाभन्दा यी लेखहरू विषयवस्तुका दृष्टिकोणवाट भिन्न छन्। सरकार परिवर्तनसँग पत्रकार नियुक्तिमा हुने गरेको परिवर्तनको सिलसिला लामो हुने गरेको भएपनि उदाहरणस्वरूप हेरौ यादवको लेखको एउटा सानो अंश:

> विगत ८ वर्षका *गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन र राष्ट्रिय समाचार समिति* अन्तर्गत काम गर्ने पत्रकारहरूको फेहरिस्त तयार पार्ने हो भने गएका राजनीतिक पार्टीहरूले सरकारी सञ्चार माध्यमहरूलाई बपौती सरह राख्ने दुष्प्रयास गरेको प्रष्ट हुन्छ। ...जनार्दन निरौला पञ्चायतकालदेखि नै ने.वि.सङ्घका कार्यकर्ता र *पुनर्जागरण* साप्ताहिकका सम्वाददाता भएकाले गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री र विजयकुमार गच्छेदार सञ्चार राज्यमन्त्री हुने वित्तिकै उहाँलाई गोरखापत्र दैनिकको विराटनगरस्थित तलवी सम्वाददाताको रूपमा नियुक्ति गरियो। *रेडियो नेपाल*ले पनि टङ्क खनाललाई विराटनगरका लागि सम्वाददाता वनायो। यी दुईओटै संस्थामा यसरी पहिलोपटक विराटनगरका सम्वाददाता नियुक्त गरिएको थियो। ...राष्ट्रिय समाचार समितिका क्षेत्रीय प्रवन्धक प्रमोद प्रधानलाई अनाहकरूपमा यहाँवाट सरुवा गरियो र उहाँको ठाउँमा काङ्ग्रेस समर्थक रामकुमार कोइरालालाई ल्याइयो। ...२०५१ सालमा नेकपा (एमाले) ले अल्पमतको सरकार बनायो। विराटनगरकै मनमोहन अधिकारीको प्रधानमन्त्रित्वमा प्रदीप नेपाल सञ्चार मन्त्री हुनुभयो। ...जनार्दन निरौलालाई हटाएर एउटा गैरपत्रकार वा अनेरास्ववियु मोरङका सचिव नरेन्द्र बरालला‌ई *गोरखापत्र*को सम्वाददाताका रूपमा नियुक्ति गरियो भने *नेपाल टेलिभिजन*मा पनि सूर्य नेपाललाई हटाएर एउटा गैरपत्रकार राम गिरीलाई ल्याइयो। ...तर एमाले मोरङको निर्णयअनुसार नियुक्ति गरिएका *गोरखापत्र* सम्वाददाता र *नेपाल टेलिभिजन*का प्रतिनिधि पत्रकारिता पेसामा कालान्तरमा फ्लप भएका छन्, गायव भएका छन्। काङ्ग्रेसकालमा लगातार तीन वर्षसम्म *गोरखापत्र*को तलवी सम्वाददाताको रूपमा सरकारी स्रोत र साधनलाई उपभोग गरेका जनार्दन निरौला पनि अहिले करिव ५ वर्षदेखि कुनै पत्रिकामा देखा पर्नुभएको छैन (यादव २०५५ख)।

विभिन्न व्यक्तिहरूले कुनै राजनैतिक विचारधाराप्रति आस्था राखेर पत्रकारिता गर्नुवाहेक हरेक सरकारले सरकारी सञ्चार माध्यमलाई पार्टीकरण गरेको सूची जुनै पनि स्थानीय ठाउँमा निःसन्देह लामो हुन्छ नै। फलस्वरूप यी सरकारी प्रवृत्तिहरूले स्थानीय पत्रकारितामा जन्माएका गलत अभ्यास र प्रभावको फेहरिस्त पनि लम्वेतानको छ।

त्यस्तै नेपाल प्रेस इन्स्टिच्युटले सन् २००० मा नेपालगञ्ज र विराटनगर स्थित दुईओटा क्षेत्रीय कार्यालय र काठमाडौंमा अवस्थित कार्यालयवारे एउटा

अनुसन्धानात्मक रिपोर्ट तयार पारेको थियो। यो रिपोर्ट यी दुई क्षेत्रीय कार्यालयका प्रयासहरूवारे केन्द्रित हुँदाहुँदै पनि विराटनगर र धरानको पत्रकारिताका आर्थिक, व्यवस्थापकीय पक्षलगायत अन्य विभिन्न अवस्थावारे राम्रो प्रारम्भिक अनुसन्धानात्मक विश्लेषण प्रस्तुत छ। यसले तुलनात्मक रूपमा विराटनगरको भन्दा धरानको पत्रकारिताको स्थितिलाई सन्तोषजनक र राम्रो देखाएको छ (रजोरिया सन् २०००)। यो भन्दा पहिला पूर्वाञ्चलको पत्रकारितावारे यस्तो अध्ययन भएको थिएन।

यी नियमित प्रकाशनको सूची (तालिका १) लामो देखिए पनि सवै पत्रिकाहरू सहज रूपमा स्थानीय वजारमा उपलव्ध भने छैनन्। यो सूचीमा यी सहरहरूवाट नियमित भनेर प्रकाशित हुने म्यागजिन पनि देखिएका छैनन्। हुनलाई विराटनगरवाट प्रकाशित पाक्षिक *न्यू पाथीभरा* र फेवालाई विराटनगर उपमहानगरपलिका र प्रेस काउन्सिल दुवैले नियमित जनाएका छन्। त्यस्तै नेपाल पत्रकार महासङ्घ मोरङ शाखाअनुसार *न्यू पाथीभरा, फेवा* र *मुचुल्का* नियमित छन्। तर यी प्रकाशनहरू स्थानीय स्तरमा उपलव्ध नभएकाले तालिका १ मा समावेश नभएका हुन्।

*विवेचना* वाहेकका विशेष गरेर *पूर्वाञ्चल, व्लास्ट टाइम्स* र *मर्निङ्ग पोस्ट*मा प्रमुख समाचार प्रायः काठमाडौंकै राजनीतिक गतिविधिवारे हुने गर्दछ।[४] अझ *व्लास्ट टाइम्स*को चर्चा गर्दा माओवादी गतिविधि, सरकार-माओवादी वार्ता र सेप्टेम्वर ११ मा अमेरिकामा भएको विभत्स घटनापछिको एक महिनासम्म केही दिनहरू विराएर अमेरिका-अफगानिस्थान वा अन्तर्राष्ट्रिय आतङ्कवादसम्वन्धी प्रमुख समाचार मात्र छापिएका छन्। *विवेचना*मा चाहिं विशेष गरेर स्थानीय सामाजिक चासोका विषयहरू (जनजीवन, शिक्षा, गरिवी आदि) का वारेमा प्रमुख समाचार छापिएका पाइन्छन्। अनि समयसमयमा समाचारविश्लेषण भनेर देशको राजनीति, राजसंस्था, नेपाल-भारत सम्वन्ध र माओवादीका विषयहरूमा पनि प्रमुख समाचारहरू प्रकाशित भएका छन्। झापा जिल्लाभित्रका माओवादी क्रियाकलापहरू, शैक्षिक विषयहरू र अन्य विविध गतिविधिहरूलाई *विवेचना*ले आफ्नो पहिलो पृष्ठमा प्रमुखताका साथ प्रकाशित गर्ने गरेको छ। त्यस्तै *पूर्वाञ्चल*ले पनि झापा जिल्लाकै सुकुम्वासी समस्या, भुटानी शरणार्थी, स्वास्थ्य, शिक्षा, चोरीडकैतीका घटनाहरू र साहित्यिक कार्यक्रमहरूलाई प्राथमिकताका साथ प्रकाशित गरेको पाइन्छ। प्रायः दार्जिलिङ्का समाचारहरू पनि यसमा पढ्न पाइन्छ। अनि *व्लास्ट टाइम्स*मा कम्तीमा पनि तीन-चारओटा माओवादीका गतिविधिवारे समाचार र त्यसइतरको चर्चा गर्नासाथ यौन र हत्याहिंसाका समाचारहरूको वाहुल्यता रहेको भेटिन्छन्। तथ्यहरूका आधारमा हेर्दा विदेशी समाचारका लागि रासस/अन्तर्राष्ट्रिय न्यूज एजेन्सी र माओवादीका समाचारहरू वाहेक अस्पताल र पुलिस चौकी मात्र *व्लास्ट टाइम्स*का लागि समाचारका स्रोत हुन् जस्तो देखिन्छ। धरानकै *मर्निङ्ग पोस्ट*मा भने राजनीति, शिक्षा, माओवादी, जनजाति, एड्स, ड्रग्स लगायत हत्याहिंसा र चोरीडकैतीका समाचारहरू वढी पाइन्छन्।

---

४. *विवेचना* कार्तिक र मङ्सिर, *पूर्वाञ्चल* असोज, *व्लास्ट टाइम्स* भदौ र असोज, अनि *मर्निङ्ग पोस्ट* असोज, कार्तिक र मङ्सिरको प्रायः सबै अङ्कहरू हेरिएको हो।

## तालिका १: तीन ठाउँबाट प्रकाशित हुने नियमित पत्रिकाहरू

| क्र. स | प्रकाशनको नाम | प्रकाशित साल | स्थान | सम्पादक | समूह/ व्यक्ति* | वितरण | प्रविधि |
|---|---|---|---|---|---|---|---|
| | **दैनिक** | | | | | | |
| १ | पूर्वाञ्चल | २०५२ | विर्तामोड | गोविन्दचन्द्र क्षेत्री | समूह | २०००-३००० | अफसेट प्रेस |
| २ | विवेचना | २०५० | विर्तामोड | नकुल कार्जी | समूह | ७०००-९००० | अफसेट प्रेस |
| ३ | हिजोआज | २०३१ | भद्रपुर | डिल्लीराम निर्भीक | व्यक्ति | ३००-५०० | अफसेट प्रेस |
| ४ | डेलि मर्निङ्ग पोस्ट | २०५६ | धरान | आनन्दकुमार श्रेष्ठ | समूह | ३००० | अफसेट प्रेस |
| ५ | ब्लास्ट टाइम्स | २०५२ | धरान | किशोरकुमार कार्की | समूह | १००००-१२००० | अफसेट प्रेस |
| ६ | श्री सयपत्री सन्ध्याकालीन | २०५१ | धरान | विमल शाक्य | समूह | १५००-२००० | अफसेट प्रेस |
| ७ | विराटनगर टुडे | २०५८ | विराटनगर | टङ्क खनाल | समूह | | अफसेट प्रेस |
| ८ | सन्ध्याकालीन | २०५८ | विराटनगर | सुमिता कोइराला | समूह | ७०० | अफसेट प्रेस |
| ९ | कोसेली | २०२६ | विराटनगर | पार्वती श्रेष्ठ | व्यक्ति | २०० | लेटर प्रेस |
| | **साप्ताहिक** | | | | | | |
| १० | साझामञ्च | २०५८ | विर्तामोड | गोपाल खनाल | व्यक्ति | ५०० | अफसेट प्रेस |
| ११ | मुक्ति आवाज | २०५४ | विर्तामोड | दीपिन राई | समूह | १५००-२००० | अफसेट प्रेस |
| १२ | नयाँ कामना | २०४७ | विर्तामोड | गोपीकृष्ण खनाल | व्यक्ति | १०००-१५०० | अफसेट प्रेस |
| १३ | स्वाधीन सम्वाद | २०४७ | भद्रपुर | माधव विद्रोही | समूह | ७००-१००० | अफसेट प्रेस |
| १४ | एक्सन टाइम्स | २०५८ | धरान | राजेश विद्रोही | समूह | १०००-१५०० | अफसेट प्रेस |
| १५ | धरान साप्ताहिक | २०५६ | धरान | मणिराज भट्टराई | व्यक्ति | ५०० | अफसेट प्रेस |
| १६ | धरान टुडे | २०५३ | धरान | खगेन्द्र श्रेष्ठ | व्यक्ति | ५००-७०० | अफसेट प्रेस |
| १७ | विजयपुर | २०५१ | धरान | भवानी बराल | व्यक्ति | ७००-१००० | अफसेट प्रेस |
| १८ | आरसी साप्ताहिक | २०४० | धरान | चन्द्रमणि अधिकारी | व्यक्ति | ५००-७०० | लेटर प्रेस |
| १९ | पूर्वटाइम | २०३९ | धरान | गिरिराज आचार्य | व्यक्ति | ५०० | अफसेट प्रेस |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | दृष्टान्त | २०५४ | विराटनगर | नरेन्द्र प्रसाद दाहाल | समूह | ५०० | लेटर प्रेस |
| २१ | धरणी | २०४९ | विराटनगर | कृष्णराज कोइराला | व्यक्ति | ५०० | लेटर प्रेस |
| २२ | पर्वत | २०३९ | विराटनगर | कृष्णप्रसाद घिमिरे | व्यक्ति | ३००-४०० | लेटर प्रेस |
| २३ | शान्ति नेपाल | २०४० | विराटनगर | मिथिला उपाध्याय | व्यक्ति | ३००-४०० | लेटर प्रेस |
| २४ | दिग्दर्शन | २०३९ | विराटनगर | शिव कार्की | व्यक्ति | ७००-८०० | अफसेट प्रेस |
| २५ | जनआवाज | २०३९ | विराटनगर | केशवबहादुर कार्की | व्यक्ति | ७००-८०० | अफसेट प्रेस |
| २६ | पुष्पाञ्जली | २०३९ | विराटनगर | पुष्पराज गड्तौला | व्यक्ति | ३००-५०० | लेटर प्रेस |
| २७ | मोरङ साप्ताहिक | २०३६ | विराटनगर | तेजेन्द्रबहादुर भण्डारी | व्यक्ति | ३००-५०० | लेटर प्रेस |

*स्रोतः विभिन्न प्रकाशक/सम्पादकसँगको कुराकानी, विराटनगर उपमहानगरपालिकाले सहयोग गर्ने नियमित पत्रिकाको सूची र प्रेस कासन्सिलको २६औं प्रतिवेदनमा आधारित।*

* पूर्वाञ्चलमा धेरै त्यस्ता प्रकाशनहरू छन् जुन नितान्त व्यक्तिगत प्रयासमा सञ्चालित छन्। अनि केही प्रकाशनहरूले आफ्नो प्रयासलाई संस्थागत भने पनि त्यसले समूह मात्र निर्माण गरेको छ हालसम्म। त्यसैले यहाँ एकल र सामूहिक प्रयासलाई क्रमशः व्यक्ति र समूह भनेर लेखिएको हो। सामूहिक प्रयास शीर्षकमा यसको विस्तृत चर्चा गरिएको छ।

यी सबै पत्रिकाहरूको सम्पादकीयलाई अध्ययन गर्दा तुलनात्मक रूपमा विचार, विषयवस्तु चयन र भाषाशैलीको दृष्टिकोणवाट *विवेचना*का सम्पादकीयहरू स्तरीय छन्। तर यी चारओटै दैनिकहरूले हप्तामा एकदिन कविता, गीत र अन्य साहित्यिक रचनालाई प्रकाशित गर्दछन्। यस वाहेक *ब्लास्ट टाइम्स*ले प्रत्येक आइतवार वालसंसार भनेर दुई पृष्ठ दिने गरेको छ। दैनिक *सन्ध्याकालीन*मा भने पहिलो पृष्ठमा प्रायः महेन्द्र मोरङ वहुमुखी क्याम्पसका विभिन्न गतिविधिहरू वारेका समाचारलगायत विराटनगरका अन्य घटना, दुर्घटना र गतिविधिहरूमा केन्द्रित भएका समाचारहरू प्रकाशित हुने गर्दछ। अन्तिम पृष्ठ प्रायः फेसन, मनोरञ्जन र विदेशी महिला मोडल र चलचित्रकर्मीहरूका तस्विरले भरिएका हुन्छन्। अनि भित्री पृष्ठमा सम्पादकीय र अन्य लेखहरू भएपनि प्रायः *सर्वोत्तम, नेपाल मिरर र ऊँ शान्ति सन्देश* जस्ता म्यागजिनहरूबाट साभार भई। प्रकाशित हुन्छन् (सन्ध्याकालीन २०५८कः२; २०५८खः३; २०५८गः३)। यो अध्ययनको पछिल्लो क्रममा त्यस्तै धरानको *श्री सयपत्री सन्ध्याकालीन* पनि विषयवस्तुको दृष्टिकोणवाट खासै स्तरीय छैन।

साप्ताहिक पत्रिकाहरूको विषयवस्तुको सन्दर्भमा भन्दा ८ पृष्ठ र तुलनात्मक रूपमा बढीभन्दा बढी स्थानीय गतिविधि र सार्वजनिक चासोका विषयलाई समावेश गराएर निस्कने पत्रिका *एक्सन टाइम्स* मात्र हो। स्थानीय सांसद भन्ने कोलम, स्थानीय राजनीति र अन्य सामाजिक कार्यमा लागेका व्यक्तिहरूको अन्तर्वार्तालगायत अन्य विभिन्न सार्वजनिक चासोका विषयहरू, स-साना भए पनि लेख, विचारहरू

यसले प्रकाशन गर्ने गरेको छ। यीवाहेक स्थानीय समाजको राम्रै प्रमुख समाचार लिएर प्रत्येक हप्ता यो पत्रिका देखिने गर्छ (यो लेखको अन्त्यतिर खोजसम्वन्धी समाचारहरूको चर्चा गर्दा यी समाचारहरूको उल्लेख गरिएको छ)। यसवाहेक विषयवस्तुका हिसावले अलिक वढी फैलिएका र उल्लेखनीय साप्ताहिक पत्रिकाहरू पूर्वाञ्चलमा छैनन्। *मुक्ति आवाज*मा लगभग ६० प्रतिशत समाचारहरू जनजातिसँग सम्वन्धित हुन्छन् भने *विजयपुर साप्ताहिक* माओवादी र जनजातिमुखी छ। अनि तालिका १ मा देखिएका *जनआवाज, दिग्दर्शन, पुष्पाञ्जली, धरान साप्ताहिक, दृष्टान्त, नयाँ कामना, स्वाधीन सम्वाद* लगायत केही साप्ताहिकहरू निस्कनका लागि मात्र निस्किरहेका छन्। त्यस्तै *पर्वत, शान्ति नेपाल, धरणी* आदि साप्ताहिक र *फेवा, न्यू पाथीभरा, मुचुल्का* जस्ता पाक्षिकहरू खोज्दा पनि पाउन मुस्किल छ। अर्थात् यी पत्रिकाहरूमा प्रकाशित विषयवस्तुले स्थानीय सामाजिक जनजीवनमा थोरै भएपनि प्रभाव पारेका भेटिँदैनन्। यसो किन भएको भन्ने सन्दर्भहरू यो लेखका धेरै शीर्षकहरूमा पाइनेछन्।

रेडियोको सन्दर्भमा *कोसी एफएम* र *सप्ताकोसी एफ़एम* दुवै नयाँ रेडियो स्टेशन भएकोले अधिकांश कार्यक्रमहरू निर्माणाधिन छन्। विहान ७ वजेको समाचार सुरु हुनु अगाडि *सप्तकोसी एफएमले* ६:२० देखि पहिला काठमाडौंको पत्रपत्रिकाका समाचारहरू र पछिल्लो १५ मिनेट, 'सप्तकोसीको सेरोफेरो' कार्यक्रमअन्तर्गत पूर्वाञ्चलका समाचारहरू पढ्ने गरेको छ। त्यस्तै *कोसी एफएमले* पनि ७ वज्नु पूर्वको १० मिनेट पूर्वाञ्चलसम्वन्धी समाचार पढ्ने गर्छ। यीवाहेक दुवै रेडियोका अधिकांश कार्यक्रमहरू मनोरञ्जनात्मक र साङ्गीतिक छन्। तर *सप्तकोसी एफएमले* कम्तीमा साढेचार घण्टादेखि वढीमा ६ घण्टाको प्रसारण समयलाई सामुदायिक रेडियोको अवधारणा अनुसार अगाडि वढाउने र कार्यक्रम उत्पादन गर्ने योजना वनाएको छ।

*कान्तिपुर* र *नेपाल समाचारपत्र*का पूर्वाञ्चल संस्करणमा पनि पूर्वाञ्चलका स्थानीय विषयवस्तुले त्यस्तो व्यापकता भने पाएको होइन। यी दुवै पत्रिका विशेष गरेर समसामयिक विषयहरूका मुख्य घटनाहरूमा वढी केन्द्रित छन्। स्थानीय पत्रिकाहरूले महत्त्वका साथ अगाडि वढाउने स-साना घटना र विषयहरूलाई यही कारण पनि दुवै पत्रिकाले समावेश गर्न सक्दैनन्। तर पनि *नेपाल समाचारपत्रले* 'पूर्वाञ्चल' शीर्षकको पृष्ठ प्रकाशन गर्दै आएको छ, जुन काठमाडौंवाट प्रकाशित अङ्कमा समावेश हुँदैन। १६ ओटा जिल्लाका जम्मा ५/७ ओटा समाचारहरू मात्र समावेश हुने भएकाले यस पृष्ठमा पनि मुख्य समसामयिक घटनाहरू प्राथमिकताक्रमअनुसार पर्ने गर्छन्। फरक के मात्र हो भन पूर्वाञ्चल संस्करण प्रारम्भ गरेपछि यी दुवै पत्रिकाले पूर्वाञ्चलका सम्पूर्ण जिल्लामा आफ्नो सम्वाददाता राखेका छन्। अझ झापा, मोरङ र सुनसरीमा मात्र *कान्तिपुर*को र *नेपाल समाचारपत्र*को क्रमशः ८ र ६ जना सम्वाददाता छन्। दुवै पत्रिकासँग सम्वद्ध अधिकांश सम्वाददाताहरू स्थानीय पत्रिकामा पनि संलग्न भएकाले यी पत्रिकामा प्रकाशित समाचारहरू सोही दिन अन्य स्थानीय पत्रिकामा पनि प्रकाशन हुने गरेका छन्। तर विराटनगरका *कान्तिपुर* सम्वाददाता

भने कुनै पनि स्थानीय पत्रिकामा संलग्न छैनन्। यद्यपि *कान्तिपुर* र *नेपाल समाचारपत्र* दुवैमा विषयवस्तु समावेशको दृष्टिकोणवाट समाचारको सङ्ख्यामा भने संस्करण निस्कनु पूर्वको भन्दा उल्लेखनीय वृद्धि भएको छ।

## १. सामाजिक आर्थिक अवस्था

यहाँका प्रकाशन गृहहरूले कस्तो सामाजिक आर्थिक अवस्थाका वीच आफ्नो व्यवसायलाई अगाडि बढाएका छन् भन्ने विषयको चित्रण गर्ने प्रयास यहाँ गरिने छ। यस चित्रणले खण्ड तीनमा चर्चा गरिने प्रकाशनमा सक्रिय शक्तिहरूका वजार, पाठकको अवस्था र प्रवृत्ति विश्लेषणमा पनि सहयोग पुऱ्याउने छ।

झापा, मोरङ र सुनसरीको क्षेत्रफल क्रमशः १६०६, १८५५ र १२५७ वर्ग किलोमिटर छ। त्यस्तै यी जिल्लामा क्रमशः ६९१,१७३, ८४३,५४८ र ६२८,४०५ जनसङ्ख्या छ।[५] अर्थात क्षेत्रफलको हिसाववाट यी तीनओटा जिल्लाले करिव १७ प्रतिशत भूभाग ओगटेका छन् भने पूर्वाञ्चलको ४० प्रतिशतभन्दा वढी जनसङ्ख्याको प्रतिनिधित्व यी जिल्लाहरूले गरिरहेका छन्। अनि भद्रपुर, धरान र विराटनगर यी जिल्लाहरूको मात्र नभएर पूर्वाञ्चलकै शैक्षिक, राजनीतिक गतिविधिहरू र जनसाङ्ख्यिक चापका दृष्टिवाट पनि व्यस्त ठाउँहरू हुन्।

सन् १९९१ को जनगणनाको आधारमा पनि यी तीन जिल्लाको औसत साक्षरता दर ४९.७५ प्रतिशत छ। अहिलेको अवस्थामा साक्षरता दर वढेर औसत ६२ प्रतिशत पुगेको अनुमान गरिन्छ। विगत ३/४ वर्ष यता उच्च माविका स्कूलहरू र पूर्वाञ्चल विश्वविद्यालय, वीपी मेमेरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान र पोखरा विश्वविद्यालयले गर्दा कलेजहरूहरूको सङ्ख्यामा वृद्धि हुनुका साथै शैक्षिक गतिविधिहरूमा पनि तुलनात्मक रूपमा अलि वढी चहलपहल आएको देखिन्छ। अनि विराटनगर र झापा त राजनीतिक क्रियाकलापहरूका लागि देशका उर्वर भूमि नै मानिन्छन्।

झापा, मोरङ र सुनसरी तीनओटै क्षेत्रमा प्रयास हिन्दू, वौद्ध, किराँत र मुस्लिम धर्म मान्नेहरूको वाहुल्य छ। धरान सहरकै चर्चा गर्दा ईसाइ धर्मावलम्वीहरूको सङ्ख्या उल्लेखनीय छ भने विराटनगरमा जैन धर्म मान्नेहरू प्रशस्तै छन्। वहुधार्मिक मात्र नभएर यहाँको समाज वहुभाषिक पनि छ। यी तीनओटै जिल्लामा जनजातिमा राई, राजवंशी, थारू, लिम्वू, तामाङ, मगर, यादव, सतार र नेवार जातिको उपस्थिति उल्लेखनीय छ र देखिन्छ पनि। साथै यी जिल्लाका भौगोलिक क्षेत्रभित्र छरिएर रहेका जनजातिहरूको प्रत्येक सहरमा राम्रै प्रतिनिधित्व छ। यस वाहेक मैथिली भाषा वोल्ने समुदायको पनि राम्रो उपस्थिति छ।

यो क्षेत्रको अधिकांश उद्योग र कलकारखानाहरूको स्वामित्व मारवाडी समुदायको हातमा छ। विशेष गरेर देशको जुट, तेल र अन्य खाद्य सामग्रीहरू, सावुन, विस्कुट र चक्लेट फ्याक्टरीहरू मोरङ र सुनसरी जिल्लामा अवस्थित छन्। यसरी

---

५. राष्ट्रिय तथ्याङ्क विभाग जनगणना २००१ को प्रारम्भिक नतिजामा आधारित।

नै स-साना अन्य व्यापार व्यवसाय, कृषि, होटल र निर्माण व्यवसाय, वित्तीय र वैङ्किङ्ग क्षेत्र, शिक्षण पेसा साथै सरकारी प्रशासनिक र प्राविधिक क्षेत्रहरू नै यहाँका जीविकोपार्जनका आधारहरू हुन्।

## २. प्रकाशनको साङ्गठनिक स्वरूप

कुनै पनि पत्रिकाहरूको भौतिक विश्लेषण गर्न ती प्रकाशनका साङ्गठनिक स्वरूपहरू कस्ता छन् भनेर वुझ्नु अनिवार्य हुन्छ। यसले प्रकाशनको व्यवस्थापन, प्राविधिक र मानवीय स्रोत लगायत अन्य पक्षलाई केलाउन राम्रो सहयोग गर्छ। त्यसैले प्रकाशन गृहहरूका साङ्गठनिक स्वरूपहरूलाई स्पष्टसँग वुझ्न विशेष गरेर तीन उपशीर्षकमा चर्चा गरिने छ।

### (क) सामूहिक प्रयास

संस्थागत रूप धारण गरिसकेका प्रकाशनहरू यी तीनवटै सहरमा छैनन्। त्यसैले सामूहिक प्रयासलाई संस्था[६] भन्दा वेग्लै राखेर यहाँ चर्चा गरिने चेष्टा गरिएको हो। सामूहिक प्रयाससम्वन्धी गरिँदै जाने व्याख्याले यी प्रकाशन गृहहरू किन संस्थागत छैन भन्ने यथार्थलाई अझ वढी प्रष्ट पार्ने छ। तीनओटै सहरहरूमा *पूर्वाञ्चल, विवेचना, व्लास्ट टाइम्स, डेली मर्निङ्ग पोस्ट, श्री सयपत्री सन्ध्याकालीन, विराटनगर टुडे र सन्ध्याकालीन* गरेर जम्मा ७ ओटा दैनिक र *मुक्ति आवाज, एक्सन टाइम्स र दृष्टान्त* गरेर जम्मा ३ ओटा साप्ताहिक छन् जुन सामूहिक प्रयासवाट अगाडि वढिरहेका छन्। यीमध्ये धरानको *व्लास्ट टाइम्स* र विर्तामोडको *विवेचना* संस्थागत हुने प्रयासमा अग्रसर देखिन्छन्। तर यसका खुट्किलाहरू प्रशस्तै छन् (व्यवस्थापन शीर्षकमा यसको पक्षहरूवारे चर्चा गरिएको छ)। विराटनगर, इटहरी, उदयपुर, विर्तामोड, दमक र सिरहामा गरेर *व्लास्ट टाइम्स*का ६ ओटा शाखा कार्यालयहरू छन्। विकेन्द्रिकृत नीतिअन्तर्गत यी कार्यालयहरूको विस्तार र सञ्चालन पनि राम्रैसँग भएको छ। आफूले विक्री वितरण गरेका पत्रिकाहरू र विज्ञापन सङ्कलन गरेको रकमको आधा खर्चवाट यी शाखा कार्यालयहरू सञ्चालित छन्। तर *व्लास्ट टाइम्स* वाहेक अरू कुनै पनि पत्रिकाहरूको प्रयास आफ्नो सहरभन्दा वाहिर यत्ति व्यवस्थित वन्दै गएको छैन। *विवेचना* पनि नकुल काजीको एकल प्रयासवाट ८ वर्ष चलेर झापा प्रज्ञा प्रकाशन प्रा. लि. को प्रकाशनमा परिणत भएको २०५७ फागुनदेखि मात्र हो। ११ महिनाको अवधिमा यो समूहले गरेको प्रयास र कमाएको ख्याति राम्रै छ। तर यो समूह कसरी अगाडि वढ्छ भनेर विश्लेषण गर्न भने अझ केही समय कुर्नुपर्ने हुन्छ।

सामान्यतः अन्य सवै पत्रिकाहरू पनि सामूहिक रूपमा नै अगाडि वढिरहेका छन्। तर सामूहिक प्रयासका विभिन्न पक्षवाट यिनीहरूको तारतम्य मिलिसकेको

---

६. संस्था भन्नाले सामुहिक हितको निमित्त निर्माण भएको नियमित र व्यवस्थित प्रणालीको उल्लेखनीय स्वरूप वा सङ्गठन जसको पहिचान र अस्तित्व स्वायत्त (एक व्यक्तिसँग मात्र गाँसिएको नभएर) हुन्छ भन्न खोजिएको हो।

छैन। यसको कारणको रूपमा आर्थिक लगायत अरू पनि धेरै तत्त्वहरू छन्, जसको चर्चा यो लेखभरि गरिने छ। यी तत्त्वहरूका कारण सामूहिक प्रयासहरूलाई संस्थामा परिणत हुन धेरै कठिन छ भन्ने एउटा राम्रो उदाहरण अवसान हुनभन्दा केही समय अगाडिसम्म राम्रोसँग चलिरहेको विराटनगरवाट प्रकाशित हुने *चिरफार* पनि हो। आर्थिक समस्या सँगसँगै सम्पादक समूहभित्रकै विवाद र मनमुटावका कारण *चिरफार* वन्द भएको भनिन्छ (हेर्नुहोस् यस पुस्तकको पृ. ३२)। त्यस्तै आर्थिक रूपले सवल भएर पनि वन्द हुन पुगेको विराटनगरकै अर्को पत्रिका हो– *विराटनेसनल टाइम्स*। सहरअनुसार केही उदाहरण र समस्याहरू फरक भए पनि सफल र असफल उदाहरणवाट यी सहरहरूले यहाँका सवै क्षेत्रमा लागू हुने धेरै उस्तै समस्याहरूको निचोड निकाल्न सक्ने सम्भावना भने अवश्य छ।

हाल *मर्निङ्ग पोस्ट, पूर्वाञ्चल* र *मुक्ति आवाज* राम्रोसँग चल्दाचल्दै पनि यिनले आफ्नो समूहको सही प्रयोग गर्न सकेका छैनन्। सानो ठाउँ भएकाले कुनै नयाँ पत्रिका सुरु हुनासाथ सञ्चालन भइरहेको पत्रिकाको मानवीय स्रोत त्यसले लिएर जाने क्रम पनि वढ्दो छ। भर्खरै *श्री सयपत्री* साप्ताहिकवाट दैनिक *श्री सयपत्री सन्ध्याकालीन*मा परिणत हुँदा यसले *मर्निङ्ग पोस्ट*का केही पत्रकारहरूलाई आफ्नो समूहमा सामेल गरायो। हुन त *श्री सयपत्री*का सम्पादक/प्रकाशक पनि केही समयअघिसम्म *मर्निङ्ग पोस्ट* कै साझेदार थिए। र तीनओटा सहरमध्ये विशेष गरेर धरानमा समूह निर्माण हुने र अर्को पत्रिकाको जन्मसँगै कुनै एक पत्रिकाको समूह विसर्जन हुने क्रमले निरन्तरता पाइरहेको छ। सम्भवतः यो एउटा उल्लेखनीय प्रवृत्ति हो जसले समूहलाई संस्थामा परिणत हुनवाट जहिले पनि वञ्चित गरिरहन्छ।[७]

*विराटनगर टुडे* टङ्क खनाल, शेखर रेग्मी र सुमनराज लम्साल तीन जनाको संयुक्त लगानीमा सुरु भएको नितान्त नयाँ दैनिक हो। *सन्ध्याकालीन* दीपक गड्तौलाको निजी लगानीमा तर समूह निर्माण गरेर असोज २०५८ देखि यस क्षेत्रवाट प्रकाशित पहिलो सन्ध्याकालीन पत्रिका हो। तर सुरुको चार महिनामा नै सन्ध्याकालीनको प्रकाशन ४/५ पटक केही दिनको लागि वन्द हुँदै पुनः प्रकाशन हुने गरेको छ। यो अनियमितताले पत्रिकाको भविष्य र प्रतिवद्धतामाथि राम्रै प्रश्न उभ्याएको छ। *सन्ध्याकालीन* पत्रकारितामा मात्र होइन अरू क्षेत्रमा पनि खासै कुनै अनुभव नवटुलेका युवाको प्रयास हो। एकातिर पत्रिकाले देखाएको अनियमितता र अर्कोतर्फ पत्रिका चलाउने आर्थिक स्रोतका निम्ति सन्ध्याकालीन साङ्गीतिक साँझ र यस्तै किसिमका अरू अभ्यासहरूले यो समूहको व्यवसायप्रतिको गैरसंवेदनशीलतालाई प्रमाणित गर्छ।

त्यस्तै *श्री सयपत्री सन्ध्याकालीन, एक्सन टाइम्स* पहिलो वर्षमा र *दृष्टान्त साप्ताहिक* तेस्रो वर्षमा छन्। तर समूह हुनु अगावै *श्री सयपत्री सन्ध्याकालीन*लाई *श्री सयपत्री साप्ताहिक*को रूपमा विमल शाक्यले एक्लै ७ वर्ष चलाइसक्नु भएको हो। २०५८ मङ्सिरदेखि यो पत्रिका नयाँ रूप र समूह लिएर देखा परेको छ। *एक्सन*

---

७. गोविन्दचन्द क्षेत्री, लीला बराल, आनन्द श्रेष्ठ र दीपिन राईसँगको कुराकानीमा आधारित।

*टाइम्स* लगायत *श्री सयपत्री सन्ध्याकालीन, विराटनगर टुडे* र *सन्ध्याकालीन* नयाँ नै हुन् त्यसैले सामूहिक रूपमा अगाडि वढ्छन् कि भन्ने भीनो सम्भावना मात्रै देखाएका छन् यिनीहरूले।

विराटनगरमा जहाँ हालसम्म पनि पत्रिकाहरू प्रायः एकल प्रयासमा चलिरहेका छन् त्यहाँ केही नयाँ पत्रिकाहरू समूह लिएर देखा पर्नु राम्रै सङ्केत हो। तर जति पनि सामूहिक अभ्यासमा पत्रिकाहरू देखा परे तीमध्ये ३ वर्षभन्दा वढी समय नियमित र वजारमुखी भएको एउटा पनि उदारहण छैन यहाँ। त्यसैले नयाँ पत्रिकाहरूको स्थायित्व महत्त्वपूर्ण प्रश्न हो। अनुसन्धानकर्ता जेन्स कोल्जा जोसेफनले उल्लेखनीय देखेका दुई पत्रिकाहरू *चाणक्य* र *दृष्टान्त* मध्ये *चाणक्य* त अहिले आर्थिक कारणले वन्द भइसक्यो भने *दृष्टान्त*को अवस्था पनि नाजुक नै छ (रजोरिया सन् २०००:३०-३४)। तीन वर्ष अगाडि समूह लिएर देखा परेको *दृष्टान्त* अहिले मात्र नरेन्द्र दाहालको काँधमा छ। त्यसैले विराटनगरको सन्दर्भमा सामूहिक प्रयासमा पत्रिका किन चलिरहेको छैन भन्ने विषयमा विभिन्न शङ्काहरू गाँसिएका छन्। यो लेखमा यी शङ्काहरूको केही हदसम्म उजागर गर्ने प्रयास गरिने छ।

### (ख) प्रकाशक र व्यवस्थापन

संस्थाको व्यवस्थापक र पत्रिका हेरेर प्रकाशक वा सम्पादकवीच खासै केही भिन्नता छैन। *मर्निङ्ग पोस्ट, व्लास्ट टाइम्स, एक्सन टाइम्स, पूर्वाञ्चल, विवेचना* लगायत प्रायः सामूहिक प्रयासवाट सञ्चालित सवै पत्रिकाहरूमा व्यवस्थापकीय पदहरू भएपनि व्यवस्थापकले ती पत्रिकाहरूमा गरिरहेका कार्य र खेल्न सक्ने भूमिका कसैको लागि पनि स्पष्ट छैन। त्यसैले सायद दिनदिनैका व्यवस्थापनका झमेला र कार्यभार पनि सम्पादककै थाप्लोमा हुने गर्छ। उदाहरणका रूपमा भन्नुपर्दा *व्लास्ट टाइम्स*का प्रवन्धक र उपप्रवन्धक पदमा क्रमशः डिल्ली सुव्वा र प्रवीनकुमार कार्की छन् भने *विवेचना*मा अध्यक्ष र प्रवन्धक पदमा क्रमशः अर्जुन पौडेल र राजेन्द्र चापागाईं छन्। तर संस्थागत स्वरूप धारण गर्ने प्रयत्न गरिरहेका यी दुवै प्रकाशनहरूमा पनि सर्वेसवा भनेका *व्लास्ट टाइम्स*का लागि राजकुमार कार्की/किशोरकुमार कार्की र *विवेचना*का लागि नकुल काजी हुन्। सम्पादकले गर्नु पर्ने वाहेक विभिन्न व्यवस्थापनसम्वन्धी झमेलावाट यिनीहरू मुक्त छैनन्। सुरुका दिनहरूमा *विवेचना*का लगानीकर्ता मध्येकै एक, राजेन्द्र चापागाईं व्यवस्थापकीय कार्यहरूमा ज्यादै सक्रिय थिए तर वीचमा केही समय निष्क्रिय रहेपछि २०५८ असोज पछिका दिनहरूमा उनी हप्तामा दुई दिन मात्र समय दिने गर्छन्।

सामूहिक र एकल प्रयासमा अगाडि वढिरहेका पत्रिकाहरूको सन्दर्भमा के भन्न सकिन्छ भने सम्वन्धित पत्रिकाका विभिन्न पदहरूमा अन्य नामहरू देखा परे पनि, स्थानीय पत्रिकाहरूका लागि रातदिनको व्यवस्थापनका जिम्मेवारी प्रकाशक वेग्लै भएको पत्रिकामा सम्पादक (जस्तै *पूर्वाञ्चल, मुक्ति आवाज*)को वा सम्पादक/प्रकाशक एउटै भएको पत्रिकामा (जस्तै *मर्निङ्ग पोस्ट*) उसैको जिम्मामा हुन्छ। यस्तो हुनुको अर्को पक्ष सम्पादकहरूकै अग्रसरतामा यी पत्रिकाहरू प्रकाशित

हुनु पनि हो। यही कारण प्रकाशक वा अध्यक्ष भनेर देखिने पदहरूको व्यवहारमा कुनै भूमिका छैन। यी त लगानी खोज्न, समूह निर्माण गर्न र हाम्रो प्रकाशनगृह पनि संस्था हो भनेर देखाउन चाहिने नामहरू मात्र हुन्। त्यसैले व्यावसायिक पत्रकारिताको यी सहरहरूमा सम्भावना छ भनेर भन्ने मानिसहरू भए पनि यी सम्भावनाका उल्लेखनीय उदाहरण भने देखिएको छैन। यसवाट के स्पष्ट हुन्छ भने यी सवै प्रकाशनहरूका सुधारका अभ्यासहरू प्रारम्भिक अवस्थामा छन्। यिनीहरूलाई व्यवस्थापनसम्वन्धी सल्लाह र ज्ञानको आवश्यकता खट्किएको छ। व्यवस्थापकीय कामहरू चुनौतीका रूपमा देखा परेका छन्। यी व्यवस्थापकीय पक्षमा सुधार आउने हो भने सम्पादकहरूलाई पत्रिकामा आफ्नो सृजनात्मकताको प्रयोग गर्ने राम्रो सम्भावना हुने थियो।[८]

विशेष गरेर विराटनगरमा कुनै पनि वजारमुखी पत्रिका नभएकाले व्यवस्थापन नै एउटा प्रमुख चुनौती हो भन्ने अवस्था पनि छैन। तर जेन्स कोल्जा जोसेफनले आफ्नो अनुसन्धानमा विराटनगरको पत्रकारितावारे लेख्दा पत्रकारहरूमा भएको गैरप्रजातान्त्रिक अभ्यासले पीत पत्रकारितामा पुऱ्याएको सघाउ, स्थानीय सरकारी कार्यालय, गैरसरकारी कार्यालय र व्यापारीहरूको अनियमिततालाई टेवा पुऱ्याई पत्रकारहरूले घुस लिने प्रवृत्ति, राजनीतिक र अन्य विमतिका कारण आ-आफैंमा झगडा गरेर आफ्नो शक्तिको रचनात्मक उपयोग नगर्नु आदि प्रवृत्तिलाई प्रमुख मानेका छन् (रजोरिया सन् २०००:३०-३३)। त्यसैले जोसेफनले औंल्याएका प्रवृत्तिहरूको गहिरो सम्वन्ध चुस्त व्यवस्थापनका गतिला प्रयासहरू नहुनु र विशेष गरेर ठूलो सङ्ख्यामा एकल प्रयासले मात्र पत्रिकाहरू निस्किरहनुका वीचमा राम्रैसँग गाँसिएको छ।

### (ग) मानवीय स्रोत र प्रविधि

केही मानिसहरूको समूहले पूर्वाञ्चलका केही पत्रिकाहरू सञ्चालन भइरहेका भए पनि राम्रो पत्रकारहरूको अभाव छ भन्ने कुरा सवै स्वीकार्छन। *व्लास्ट टाइम्स* र *विवेचना* मात्र यस्ता पत्रिका हुन् जसमा २० जनाभन्दा धेरै मानिसहरू एउटै कार्यालयमा काम गर्छन् (*व्लास्ट टाइम्स*का अन्य ६ ओटा शाखा कार्यालयहरू पनि छन्)। यो सङ्ख्यामा पत्रकारहरू वाहेक व्यवस्थापन र प्रेसमा कार्यरत मानिसहरू पनि पर्छन्। यीवाहेक सामूहिक रूपमा अगाडि वढिरहेका पत्रिकाहरूमा १० जना भन्दा वढीको सङ्ख्या छैन। तर यी पत्रिकासँग सम्वन्धित स्ट्रिन्जर्सको गणना गर्दा यो सङ्ख्या धेरै हुन जान्छ। तीनओटै ठाउँको नेपाल पत्रकार महासङ्घका शाखाहरूलाई आधार मानेर भन्दा पत्रकारहरूको सङ्ख्या मात्रै ३०० भन्दा वढी हुन्छ। अनि प्रत्यक्ष र परोक्ष रूपमा यसै व्यवसायसँग सम्वन्धित अन्य व्यक्तिहरू (हकर, कार्यालय सहायक आदि) को सङ्ख्या १०० भन्दा वढी छ। तर ३०० जना पत्रकारहरूको यस भीडमा

---

८. गोविन्दचन्द्र क्षेत्री, केशव आचार्य, नकुल काजी, आनन्द श्रेष्ठ, राजकुमार कार्कीसँगको कुराकानीमा आधारित।

धेरैमा ३० जना राम्रोसँग लेख्ने मानिसहरू हुनसक्छन्। २०५२ सालदेखि यिनै पत्रकारहरूसँग सीपविकास लगायत विभिन्न तालिम र कार्यक्रम सञ्चालन गर्दै आउनु भएका क्षेत्रीय मिडिया स्रोत केन्द्रका तोया गौतम पनि यो वास्तविकतालाई स्वीकार्नु हुन्छ। वर्षमा चार अङ्क *फिचर सेवा* निकाल्दै आएको स्रोत केन्द्रले राम्रो लेखहरूको अभावमा २०५८ सालमा तीन अङ्क मात्र निकाल्न सक्नु पनि राम्रो लेख्ने पत्रकारहरूको अभाव हुनुको एउटा ज्वलन्त उदाहरण हो (*फिचर सेवा* प्रकाशन गर्न अन्य प्राविधिक वा आर्थिक समस्या छैन भन्ने जोड छ तोया गौतमको)। अझै पत्रिकाहरूको यो भीडमा सीप र ज्ञानको हिसावले सम्पादक हुनसक्ने पत्रकारहरूको सङ्ख्याले १० नाध्दैन। विषयवस्तु र भाषाशैलीको दृष्टिकोणवाट जुन स्तरका पत्रिकाहरू पूर्वाञ्चलमा प्रकाशित भइरहेका छन् तिनैलाई आधार मान्ने हो भने असल सम्पादकको आभाव यहाँ अवश्य खट्किएको छ भन्ने यथार्थ स्वीकार्नु हुन्छ केशव आचार्य। तर समूहगत हिसावले सक्षम पत्रकारहरूको एउटा राम्रो टोली *पूर्वाञ्चल* दैनिकलाई मान्न सकिन्छ।[९]

जति पनि समूहगत प्रयासमा पत्रकारिताका अभ्यासहरू तीनओटै सहरहरूमा भइरहेका छन् तिनीहरूमध्ये नकुल काजी मात्र सम्भवतः पहिलो पुस्ताका पत्रकार हुन् जो समूह निर्माण गरेर समयको परिवर्तन सँगसँगै पत्रकारिता गरिरहेका छन्। यही मानवीय स्रोतमा समेत ठूलो प्राथमिकता दिएकाले पत्रकार जन्माउनमा पनि उनको ध्याउन्न जाने गरेको छ। नत्र लगभग त्यही समयदेखि एकल प्रयासमा पत्रिका चलाइरहेका डिल्लीराम निर्भीक, कोशराज रेग्मी, शिववहादुर कार्की, गिरिराज आचार्य जस्ता व्यक्तिहरूले मिडियामा देखिएका नयाँ प्रविधि, प्रयास र अभ्यासहरूलाई सहज रूपमा स्वीकार्न सकेका छैनन्। पत्रकारितासँग गाँसिएको अवधारणवाट लाग्छ यी सम्पादकहरूले यस क्षेत्रमा लागेर समाज र राष्ट्रलाई विशाल गुन लगाइरहेका छन्, ठूलो त्याग र वलिदान गरिरहेका छन्। तर विडम्वना नै मान्नु पर्छ पत्रकारितासँग गाँसिएको व्यावसायभन्दा वढी समाजसेवा र आदर्शको भावले यी पत्रिकाहरू, एकल प्रयासमा वर्षौंसम्मको निरन्तरतापछि, यिनै व्यक्तिहरूको असमर्थता, अशक्तता र मृत्युसँगै वन्द हुन्छन्। यो वन्द हुने अवस्थासम्म पुग्दाको वर्षौं लामो इतिहासमा न दुई चार जना सक्षम पत्रकार नै जन्माउँछन् न स्थानीय पत्रिकाको व्यावसायिकतामा नै कुनै सुधारका प्रयासहरू छोडेर जान सक्छन्। कमसेकम १५ वर्षभन्दा वढी समयसम्म चलिरहेका *जनआवाज, दिग्दर्शन, पुष्पाञ्जली, कोसेली, आरसी* (प्राविधिक कारणले हाल केही समयलाई वन्द), *पूर्व टाइम* र चलेर वन्द भएका *हिमालचुली, जनवार्ता, युगज्ञान* जस्ता पत्रिकाहरूको अहिलेसम्मको अभ्यासवाट निर्धक्कसँग पत्रकारिता क्षेत्रमा खट्किएको यो कमीलाई औंल्याउन सकिन्छ। तर झापामा अघिल्लो पुस्ताका पत्रकारहरूले केही हदसम्म समयसँगै आफ्नो अवधारणामा ल्याएको परिवर्तनका कारण यहाँ पत्रकारितामा देखिएका तीन पुस्ताहरूलेसँगै मिलेर काम गर्ने वातावरण तुलनात्मक रूपमा विराटनगर र धरानको भन्दा धेरै राम्रो छ। र यो वास्तविकताको

---

९. केशव आर्चाय, तोया गौतम, हर्ष सुव्वा, यज्ञ शर्मा, राजेन्द्र शर्मा, रवीन्द्र चक्रवर्तीसँगको कुराकानीमा आधारित।

ठूलो श्रेय माथि उल्लेख गरे जस्तै नकुल काजीलाई जान्छ जसले विशेष गरेर पत्रकारहरू जन्माउनमा ठूलो लगानी गरेका छन्, जुन कुरा पछिल्लो पुस्ताका पत्रकारहरू स्वीकार पनि गर्छन्।[१०]

सामाजिक-आर्थिक अवस्थामा उल्लेख भएका जातिगत विविधताका खासै उपस्थिति यी प्रकाशनहरूमा छैन। तालिका १ मा उल्लिखित सम्पादकहरूको नामावली हेर्दा मात्र पनि चार जना नेवार र ए जना राई वाहेक सवै वाहुन-क्षेत्री छन्। अन्य उल्लेखनीय जनसङ्ख्या ओगटेका जनजातिहरूको प्रतिनिधित्व पत्रकार वा अन्य व्यवस्थापकीय पदहरूमै पनि ज्यादै न्यून छ। त्यसैले यस क्षेत्रको वहुजातिको प्रतिनिधित्व पत्रकारिता पेसामा पाइँदैन।

त्यस्तै लगभग आदि जनसङ्ख्या ओगटेको महिलाहरूको उपस्थिति पनि ज्यादै न्यून छ। आफैं सम्पादक र प्रकाशक भएका महिलाहरूमा दैनिक *कोसेली*को पार्वती श्रेष्ठ, साप्ताहिक *शान्ति नेपाल*को मिथिला उपाध्याय *सन्ध्याकालीन*को सुमिता कोइराला र पाक्षिक *न्यू पाथिभरा*को ललिता भट्टराई हुन्। यस वाहेक मीना श्रेष्ठ र भारती उपाध्याय राससमा, विमला तुम्खेवा *राजधानी* दैनिकको सम्वाददाता र मधु राई स्वतन्त्र पत्रकार हुन्। यी सात जना पत्रकारहरू सवै विराटनगरमा अवस्थित छन्। विराटनगर वाहेक धरान र झापामा सम्पादक/प्रकाशकका रूपमा कुनै पनि महिला पत्रकार देखिएका छैनन्। तर धरानमा मनिता चामलिङ, प्रतिभा विवश राई, यात्रा थुलुङ र सुमित्रा राई गरी चार जना महिला पत्रकाहरू भने छन्। यीवाहेक कुनै प्रकाशनगृहमा जागिरे वा स्थायी सम्वाददाताका रूपमा महिला पत्रकारको संलग्नता छैनन्।

प्रविधिको चर्चा गर्दा विराटनगरवाट प्रकाशित हुने *दृष्टान्त, पुष्पाञ्जली, मोरङ साप्ताहिक, कोसेली, शान्ति नेपाल* र धरानवाट प्रकाशित *आरसी साप्ताहिक* अहिले पनि लेटर प्रेसवाट प्रकाशित भइरहेका छन्। अर्कोतर्फ अफसेट प्रविधिको प्रयोग गरेर पत्रिका प्रकाशन हुने क्रम हरेक वर्ष वढ्दो छ। विशेष गरी झापामा लेटर प्रेसवाट पत्रिका प्रकाशन हुन वन्द भइसकेका छन्। अनि पछिल्ला विभिन्न नयाँ प्रविधि र इन्टरनेटको निरन्तर र राम्रो प्रयोग गर्ने पत्रिकाको अभाव छ। तर पनि *व्लास्ट टाइम्स, मार्निङ्ग पोस्ट, पूर्वाञ्चल र विवेचना*ले कहिलेकाहीं यी प्रविधिहरूको सदुपयोग भने गर्ने गरेका छन्।

पत्रिकामा प्रायः नियमित रूपमै तस्विरको प्रयोग पनि हुन थालेको छ। इन्टरनेटवाट डाउनलोड गरेर पनि प्रशस्तै तस्विरहरू प्रयोग गरिएका छन्। तर स्रोत इन्टरनेट होस् वा स्थानीय फोटो पत्रकार, यी तस्विरहरूको मुद्रित गुणस्तर भने राम्रो छैन। छापिएका प्रायः तस्विरहरूको स्रोत पनि खुलेको हुँदैन।[११]

प्रकाशनको साङ्गठनिक स्वरूपभित्र यी उपशीर्षकहरूमा चर्चा गरिएका कुराहरू र तालिका १ ले के देखाउँछ भने अझ पनि व्यक्तिगत रूपमा पत्रकारिता

---

१०. मोहन काजी, केशव आचार्य, माधव विद्रोही, दीपिन राईसँगको कुराकानीमा आधारित।

११. उदाहरणका लागि हेर्नोस् *व्लास्ट टाइम्स*, २८ कार्त्तिक २०५८:२; *विवेचना*, २७ कार्त्तिक २०५८:१; मर्निङ्ग पोस्ट, ६ असोज २०५७:१ र ४।)

गरिरहेका प्रकाशनहरूको सङ्ख्या तुलनात्मक रूपमा धेरै ठूलो छ। यी एकल रूपमा अगाडि वढिरहेका पत्रिकाहरूमध्ये भद्रपुरको *हिजोआज* दैनिक, धरानको *पूर्व टाइम* र *आरसी,* विराटनगरको *जनआवाज, दिग्दर्शन, पुष्पाञ्जली, मोरङ साप्ताहिक, कोसेली* र *शान्ति नेपाल* २०४६ सालभन्दा पहिलेदेखि नै प्रकाशित भइरहेका पत्रिकाहरू हुन्। पञ्चायतकालमा एक्लैले पत्रिका चलाउनु सम्भव थियो। २०५२/०५३ सालदेखि यिनै क्षेत्रमा व्यावसायिक रूपमा अगाडि वढ्न खोजिरहेको पत्रकारिताको अगाडि अव एक्लो प्रयासमा पत्रिका चल्दैन भन्ने कुराको हेक्का यी एक्लै पत्रिका चलाउँदै आएका व्यक्तिहरूलाई पनि छ। तर पनि सामूहिक रूपमा पत्रिका चलाउने वा संस्थागत गरेर यिनै पत्रिकाहरूलाई अगाडि वढाउने सम्भावना भने न्यून छ। त्यसैले ढिलोछिटो यी मध्येका प्राय पत्रिकाहरूको अवसान निश्चित छ। एकल प्रयासमा २५ वर्षभन्दा वढी सञ्चालन भइरहेका कोशराज रेग्मीको *जनवार्ता* र ठाकुरदेव ढुङ्गेलको *हिमालचुली*को अवसानले पनि यही कुराको सङ्केत दिन्छ।[१२]

## ३. प्रकाशनमा सक्रिय शक्तिहरु

भनिन्छ पत्रिकाहरूले आफ्ना समाचार र दृष्टिकोण पाठकलाई वेच्छन्। अनि पुनः पाठकलाई विज्ञापनकर्ताहरू माफ वेच्छन्। त्यसैले संसारको जुनसुकै पत्रिकाहरूमा पनि प्रकाशनको अर्थतन्त्रलाई विज्ञापनकर्ता र पाठकहरूले प्रभाव पारेका हुन्छन्। सम्भवतः यही कारण पत्रिकामा हुने गरेको प्रारम्भिक लगानीपश्चात् विज्ञापनकर्ताहरू र पाठक दुई ठूला शक्तिका रूपमा स्वीकार्य छन्। तर स्थानीय पत्रिकाहरूका सन्दर्भमा यीलगायत अन्य धेरै तत्त्वहरू पनि शक्तिका रूपमा सक्रिय छन्।

### (क) लगानी

दुई प्रमुख वजार पाठक र विज्ञापनदाताहरू निर्माण गर्ने पहिलो आधार हो लगानी। कुनै पनि पत्रिकालाई आफ्नो विश्वसनीयता कमाउन केही समय लाग्छ। तर स्थानीय पत्रिकाहरू यति दरिद्र अवस्थावाट सञ्चालित छन् कि तिनीहरूको न वजार छ न विश्वसनीयता नै छ। धरानका केही पत्रिकाहरू *व्लास्ट टाइम्स, मर्निङ्ग पोस्ट, विजयपुर* र विर्तामोडका *विवेचना, पूर्वाञ्चल, मुक्ति आवाज* र *नयाँ कामना*ले भने कुनै न कुनै हिसावले आफ्नो वजार वनाएका छन्। तर यीमध्ये पनि *विजयपुर, मुक्ति आवाज* र *नयाँ कामना*को वजार हुनुका पछाडिको कारण अरू नै छ ('वजार/पाठक/वितरण' शीर्षक अन्तर्गत यसंको विस्तृत चर्चा गरिएको छ)।

यी सहरहरूका पत्रिकाहरूको लगानीमा भएको लागत जोड्दा प्राप्त योगफलको रकम करिव रू. १ करोडभन्दा वढी हुन्छ।[१३] अनि *कोसी एफएम*को ४० लाख र

---

१२. डिल्लीराम निर्भीक, गिरीराज आचार्य, चन्द्रमणि अधिकारी, केशववहादुर कार्की, शिववहादुर कार्कीसँगको कुराकानीमा आधारित।

१३. *व्लास्ट टाइम्स* र *पूर्वाञ्चल*मा भएको क्रमशः २०-२५ लाख, २०-२५ लाख र *विवेचना*मा भएको १२ लाखको लगानीले मात्र पनि ६० लाखको लगानी हुन आउँछ। यस्तै मर्निङ्ग पोस्ट र भर्खर मात्र आएर *विराटनगर टुडे* प्रत्येकमा ४-५ लाख लगानी भएको वुझिन्छ। यीबाहेक बाँकी रहेका

*सप्तकोसी एफएम*को १ करोड रकम पनि जोड्दा अर्को १ करोड ४० लाख लगानी भइसकेको छ। यसमा तीनओटा दैनिक *ब्लास्ट टाइम्स, विवेचना, पूर्वाञ्चल*को तुलनात्मक रूपमा अलिक ठूलो लगानी छ। *ब्लास्ट टाइम्स*मा राजकुमार कार्की र किशोर कार्की दाजुभाइको लगानी छ। *विवेचना*मा हाल ३१ जना सेयर होल्डरहरू छन्। यसमा सवैभन्दा वढी सेयर नकुल काजीको छ भने त्यसपछिको ठूलो सेयर स्थानीय गार्मेन्ट उद्योगपति टीका ढकाल र अर्का काठमाडौं अवस्थित व्यापारी जगतवहादुर श्रेष्ठको छ। वाँकी लगानी *विवेचना*मा नै कार्यरत केही पत्रकारहरू साथै केही स्थानीय प्राध्यापक र पत्रपत्रिकामा लेख्ने व्यक्तिहरूको छ। *पूर्वाञ्चल*को प्रमुख लगानीकर्तामा चिया वगानका मालिक भरतलाल गिरी हुनुहुन्छ भने जमिन्दार टोरूप प्रसाईको पनि लगानी र अन्य थुप्रै सेयरहोल्डर छन्। साथै यसलाई मिडिया विकास कोषको सहयोग पनि प्राप्त छ। यी पत्रिकाहरू वाहेक स-सानो लगानीवाट सञ्चालित अन्य धेरै पत्रिकाहरूमा प्रायः धेरै समय पत्रकारिता गर्ने व्यक्तिहरूको नै लगानी छ। *स्वाधीन सम्वाद*का माधव विद्रोही र गोपाल गिरीमध्ये गोपाल गिरीको चिया वगान छ भने *दिग्दर्शन*का सम्पादक शिववहादुर कार्की धेरै समय प्राध्यापन र वाँकी समय पत्रकारिता गर्नुहुन्छ। त्यस्तै *दृष्टान्त, कोसेली, पुष्पाञ्जली* जस्ता केही पत्रिकाको आफ्नै छापाखाना छ। अर्थात् अरू विभिन्न व्यवसायमा लागेका व्यापारी र उद्योगपतिहरूको यस क्षेत्रमा महत्त्वपूर्ण लगानी छैन। प्रायः सम्पूर्ण समय पत्रकारिता गर्ने व्यक्तिहरूको नै वाहुल्य छ। जो व्यक्तिहरू सम्वाददाता वा रिपोर्टर मात्र छन् उनीहरू भने आंशिक समय मात्र पत्रकारिता गर्छन्।

विर्तामोड र धरान व्यापारिक र औद्योगिक गतिविधिको हिसावले विराटनगरको दाँजोमा धेरै साना सहरहरू हुन्। स्रोत र साधनकै दृष्टिकोणवाट पनि धेरै अगाडि छ विराटनगर। तर मिडियाको चर्चा गर्दा विराटनगर लगानी र विकासको सन्दर्भमा दुवै सहरभन्दा धेरै पछाडि छ। आफ्नो सहरमा मात्र वा पूर्वाञ्चलका प्रायः सहरहरूमा राम्रो वजार पाएका पत्रिकाहरूको नाम लिंदा दैनिक पत्रिकाहरूमा सर्वप्रथम *ब्लास्ट टाइम्स* र त्यसपछि *विवेचना, पूर्वाञ्चल र मर्निङ्ग पोस्ट* र साप्ताहिक पत्रिकाहरूमा *विजयपुर र मुक्ति आवाज*हरू नै पर्दछन्। यी पत्रिकाहरूका सूचीमा विराटनगरका कुनै पनि पत्रिकाको नाम आउँदैन। साथै आर्थिक अभाव हुँदाहुँदै वा यस क्षेत्रमा अरू पत्रिकाहरूले गरेको लगानीलाई ध्यानमा राख्दा विशेष गरेर माथिका चारओटा दैनिकहरूमा भएको लगानीलाई सानो भन्न मिल्दैन। अनि लगानी कै चर्चा गर्दा २०४६ पछिका वर्षहरूमा विराटनगरमा पनि राम्रै

---

पत्रिकाहरू मध्ये *हिजोआज* र *श्री सयपत्री सन्ध्याकालीन*ले अफसेट प्रेस र पहिलेदेखि नै *पुष्पाञ्जली, कोसेली, मोरङ साप्ताहिक* आदि पत्रिकाहरूले लेटर प्रेसमा लगानी गरेका छन्। थोरैमा पनि यो रकम १० लाख भन्दा वढी हुन जान्छ। र यही आफ्नो प्रकाशनको पूर्वाधार निमार्ण गर्ने क्रममा प्रेस वाहेक अहिले आएर *धरणी, जनआवाज, कोसेली, शान्ति नेपाल, मुक्ति आवाज* वाहेक प्रायः पत्रिकाहरूसँग कम्तीमा एउटा कम्प्युटर हुने गर्दछ। त्यसैले यसो समूहको रूपमा देख्नपरेका पत्रिकाहरूको औसत लगानी रकम २ लाख भयो भने पनि त्यो रकम कम्तीमा २० लाख हुन आउँछ। त्यसैले थोरैमा पनि यी तीनओटा सहरको प्रकाशन बजारमा १ करोडभन्दा वढी लगानी भएको छ।

लगानीमा पत्रिका चलाउने प्रयास नै नभएका होइनन्। विराटनगरकै एक सम्पन्न व्यापारी मोती दुगडको राम्रै लगानीमा र नरेश वरालको सम्पादकत्वमा २०५२ सालतिर *विराटनेसनल टाइम्स* देखापरेको थियो। तर डेढ वर्ष चल्दा न चल्दै २०५४ कार्तिकमा यो पत्रिका वन्द भयो। "कुनै आर्थिक अभाव थिएन *विराटनेसनल टाइम्सलाई* तर अन्य व्यावसायिक तारतम्य मिलेको थिएन," भन्नुहुन्छ, विराटनगर प्रेस क्लवका अध्यक्ष जीवेश्वर लाखे। यसैगरी ठूलो लगानीमा २०५३ साल ताका हरि अधिकारीको प्रकाशनमा *श्री देउराली* पनि देखापरेको थियो। तर नेपाल पत्रकार महासङ्घ मोरङ शाखाका वर्तमान सभापतिको वोधार्थमा जोसेफन लेख्छन्, "*श्री देउराली*को उद्देश्य व्यावसायिक पत्रकारिताभन्दा पनि वढी तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको विरूद्धमा जानु थियो, त्यसैले ६ महिनापछि वन्द भयो" (रजोरिया सन् २०००:३१)। *श्री देउराली* नै चलाउने टोलिको भने उनीहरू देउवा खेमाको भनेर विराटनगरमा अवस्थित कोइराला खेमाका नेपाली काङ्ग्रेसका साथीहरूले सहयोग नगरेकाले पत्रिका वन्द गर्नुपऱ्यो भन्ने गुनासो छ।

विराटनगरको पत्रकारितामा विभिन्न पत्रकारहरूका आन्तरिक अभ्यासहरू त्यति सार्वजनिक भइसकेका छैनन्। न स्थानीय रूपमा वहसकै विषय वनेका छन् यी अभ्यासहरू। साथै माथि गरिएका विश्लेषणवाट के पनि वुझिन्छ भने पत्रकारहरूमा राजनीतिक पूर्वाग्रह र आर्थिक साँठगाँठका अभ्यासहरू व्याप्त छन्। अनि लगभग ५० वर्षको पत्रकारिताको इतिहासमा विराटनगरले विश्वसनीयता कमाएको भन्दा गुमाएको वढी छ। सायद यही कारण नेपालको प्रमुख औद्योगिक सहर भएर पनि उद्योगपतिहरू पत्रकारितामा लगानी गर्न इच्छुक नभएका हुनसक्छन्।

दैनिक पत्रिका चलाइरहेका आनन्दकुमार श्रेष्ठ, गोविन्दचन्द्र क्षेत्री लगायत अरू पनि सम्पादकहरूको अनुमान छ, लगभग ३०-३५ लाखको स्थिर पूँजी र ४-५ लाखको चालु पूँजी भएको खण्डमा राम्रोसँग दैनिक प्रकाशन गर्ने प्रशस्तै सम्भावना छ पूर्वाञ्चलमा। र विज्ञापन र वजार सीमित हुँदाहुँदै पनि अभावै नभएको विचार *व्लास्ट टाइम्स*का सम्पादक राजकुमार कार्कीको पनि छ। हेरौं विज्ञापन र वजारले के भन्छन् आउने खण्डहरूमा।

### (ख) विज्ञापन

झापाका पत्रिकाहरूमा प्रायः चियावगान, स-साना खाद्य उद्योगहरू, कम्प्युटर इन्टिच्युटहरू, सिजनको समयमा स्कूल (विशेष गरेर उच्च मावि), यातायातका रूटसम्वन्धी, क्लिनिक वा अन्य स्वास्थ्य उपचारका जानकारी, कहिलेकाहीं जिविसका सूचना र वोलपत्रहरू अनि श्रद्धाञ्जलि, शुभकामनाहरू छापिने गर्छन्। त्यस्तै धरानका पत्रिकाहरूमा पनि कम्प्युटर इन्स्टिच्युटहरू, सिजनको समयमा स्कूलवाहेक कोचिङ्ग सेन्टर, सहकारी संस्था, यातायातका रूटवारे, वैदेशिक रोजगारका अवसरहरू, नयाँ चलचित्रका सूचना, स्वास्थ्य क्लिनिक र होटल-रेस्टुरेन्टहरूको प्रचार, पसल र सप्लायर्सहरूमको आवश्यकता, श्रद्धाञ्जलि, शुभकामना आदि विज्ञापनका प्रमुख स्रोतहरू हुन्। अनि विराटनगरमा पनि सिजनको समयमा स्कूल, कम्प्युटर

इन्स्टिच्युट र कोचिङ्ग सेन्टरहरू, नगरपालिकाको सूचना,[१४] कहिलेकाहीं अन्य सरकारी कार्यालयहरू, श्रद्धाञ्जलि, शुभकामना आदि नियमित विज्ञापनका स्रोतहरू हुन्।

तर पनि सीमित विज्ञापन यहाँका पत्रिकाहरूको लागि चुनौती वनेको छ। झापामा ४/५ ओटा भन्दा वढी उद्योग छैनन् अनि ठूला-ठूला व्यापारिक संस्थाहरू पनि छैनन्। तुलनात्मक रूपमा धरान र विराटनगरको भन्दा यहाँको सहर पनि सानो छ। त्यसैले पनि अन्य दुई ठाउँभन्दा यहाँ विज्ञापनका स्रोतहरू सीमित छन्। त्यसमाथि पनि *ब्लास्ट टाइम्स*को वितरण राम्रो भएकाले यी सीमित स्रोतमध्येका केही विज्ञापनहरू पनि *ब्लास्ट टाइम्स*लाई जाने गरेको छ।

विराटनगरका केही कल-कारखानाहरूको, विभिन्न खाद्य-उद्योगहरूको, विभिन्न ट्रेनिङ र कम्प्युटर इन्स्टिच्युटहरू लगायत अन्य उद्योगहरूको पनि स्थानीय विज्ञापनको माध्यम *ब्लास्ट टाइम्स* नै हो। तुलनात्मक रूपमा झापाका भन्दा पनि विराटनगरका विज्ञापनहरूको माध्यम *ब्लास्ट टाइम्स* वनेको छ। त्यसैले विराटनगरवाट निस्कने पत्रिकाहरूलाई विज्ञापनको अभाव नै छ। अर्कोतर्फ स्थानीय व्यापारीहरू पनि यहाँ पत्रिकाहरूप्रति सकारात्मक छैनन् भन्ने गुनासो धेरै प्रकाशक/सम्पादकहरूको छ। रामरिझन यादवको *चिरफार*मा प्रकाशित लेखको यो सानो अंशले पनि यो गुनासोलाई प्रमाणित गर्छ:

> केही पत्रकारहरूलाई तलव खुवाएर पाल्दैमा व्यापारीहरूले पत्रकारिता पेसाप्रति अपनाउनु पर्ने दायित्व निर्वाह गरेको सम्झन्छन्। यदाकदा कुनै पत्रकार विज्ञापन लिन पुगिहाल्यो भने विज्ञापन दिनुभन्दा केही रकम हातमा थमाइदिन्छन् तर विज्ञापन छाप्न आदेश दिँदैनन्। योभन्दा दुर्भाग्य विराटनगरका लागि अर्को के हुन सक्छ। ...विराटनगरमा यत्रो सङ्ख्यामा रहेका उद्योगपतिहरूले सरकारद्वारा निर्धारण गरिएका पत्रिकाहरूको श्रेणीअनुसार वर्षमा २० हजारको रकमसम्मको विज्ञापन दिएको भए विराटनगरमा *चिरफार* साप्ताहिक जस्तै करिव १ दर्जनसम्म पत्रिका प्रकाशन हुन्थे। तर अफसोच, आज त्यो रकमको दुरूपयोग भइरहेको छ (यादव २०५५च)।

तर पनि नियमित निस्कने पत्रिकालाई वर्षभरिमा पर्ने नव वर्ष, राजारानीको जन्मोत्सव, दशैं, तिहार जस्ता ४/५ ओटा राष्ट्रिय पर्वका समयमा उठेको विज्ञापनले ठूलो सहयोग पुऱ्याउँछ। त्यस समयमा धेरैमा ३५-४० हजारको विज्ञापन साप्ताहिकले र ६०-७० हजारको विज्ञापन दैनिक पत्रिकाले उठाउने गर्दछन्। तर विज्ञापन वेगर पत्रिका प्रकाशन गर्नुपर्ने अवस्था र परिस्थिति पनि प्रशस्तै हुन्छन्।[१५]

---

१४. विराटनगर उपमहानगरपालिकाले सहयोग स्वरूप दैनिक, साप्ताहिक र पाक्षिकलाई क्रमशः महिनाको रू.८००, रू.६५० र रू. ६०० उपलव्ध गराउँदै आएको छ। यो सहयोगस्वरूप यी पत्रिकाहरूले दैनिक भए हप्तामा चार पटक, साप्ताहिक र पाक्षिकले नियमित रूपमा नगरपालिकाको सूचना प्रकाशित गर्नुपर्छ।

१५. केशववहादुर कार्की, गणेशप्रसाद शिवाकोटी, शिव कार्कीसँगको कुराकानीमा आधारित।

हुन त राजकुमार कार्कीलाई विज्ञापनको अभाव खासै महसुस भएको छैन, तर धरानका पत्रिकाहरूलाई विज्ञापन पाउन अहिले धेरै कठिन छ। पत्रिकाहरूमा स्वच्छ प्रतिस्पर्धा नहुनुले यो समस्या जन्माएको हो। त्यसैले विशेष गरेर व्यापारीहरू वाध्य छन् भन्ने तथ्यलाई धेरै सम्पादकहरू स्वीकार्छन्। सानो ठाउँ एउटालाई विज्ञापन दिए पछि सवैलाई दिनुपर्ने वाध्यताले गर्दा व्यापारीहरू कसैलाई विज्ञापन दिन चाहँदैनन् भन्नुहुन्छ आनन्द श्रेष्ठ।

सामान्यतः नियमित रूपमा घाटा नखाई पत्रपत्रिका चल्न ३० देखि ४० प्रतिशत ठाउँ विज्ञापनले ओगट्नु पर्छ। तर विज्ञापनको अभावका कारण जुनसुकै दरमा पनि विज्ञापन छाप्ने पत्रिकाहरूको कमी नरहेको यस क्षेत्रमा, एकातिर स्वच्छ प्रतिस्पर्धा छैन भने अर्कोतर्फ त्यो ३०/४० प्रतिशत ठाउँको सूत्र पनि सधैं लागू हुँदैन। त्यसमाथि पनि सन्दर्भ र कारणविहीन मन लाग्दा निस्कने र मन नलाग्दा हराउने पत्रिकाहरूले यो विज्ञापनको सीमित वजारलाई नराम्रोसँग धमिल्याएका छन्।

विज्ञापन आयतनको चर्चा गर्दा यिनै सहरका स्रोतहरूलाई प्रयोग गरेर पत्रपत्रिकाहरू टिक्न नसक्ने होइनन्। विराटनगरका तीनओटा अलि सक्रिय विज्ञापन एजेन्सीहरूको कारोवारलाई मात्र आधार मानेर भन्दा पनि कम्तीमा ५० लाख विज्ञापन राजधानीका सञ्चार माध्यममा यहाँको वजारवाट प्राप्त हुन्छ। यो आँकडामा विराटनगरका व्यापारीहरूको कारोवार संलग्न छैन। यस्तो किन भएको भन्ने सन्दर्भमा स्थानीय सम्पादक/प्रकाशक र विज्ञापन एजेन्सीहरू भन्छन्, प्रायः यहाँका उद्योगपति र व्यापारीहरूको केन्द्रीय कार्यालय काठमाडौंमा नै हुने गर्छ, त्यसैले प्रसारप्रचार गर्ने जिम्मा पनि काठमाडौंमा नै अवस्थित कार्यालयले गर्छ। यही कारण माथिको आँकडामा यहाँका स्थानीय कलकारखाना र उद्योगहरूको साथै लगभग वार्षिक ३५-४० लाखको[१६] स्थानीय पत्रिकाहरूमा छापिने विज्ञापनको रकम पनि समावेश छैन। र विराटनगरमा स्थानीय पत्रिकाको विश्वसनियता र छवि शून्यप्रायः भएको अवस्थामा पनि करीव १ करोडको विज्ञापनको यो वजारलाई सानो मान्न भने सकिदैन।[१७]

पूर्वाञ्चलकै सीमित वजारलाई हेर्दा पनि *व्लास्ट टाइम्सले* कम्तीमा ४/५ हजारको[१८] विज्ञापन दैनिक छाप्ने गर्दछ। अर्थात घटीमा पनि वर्षको १५ लाख वरावरको कारोवार *व्लास्ट टाइम्सले* मात्र गर्दछ। त्यस्तै *मर्निङ्ग पोस्टले* पनि थोरैमा ५ देखि ७ लाखको वार्षिक कारोवार त अवश्य गर्छ। र अन्य पत्रिकाहरू गरेर वाँकी १०

---

१६. नेपाल पत्रकार महासङ्घ मोरङ शाखालाई आधार मान्दा पनि हाल दैनिक, साप्ताहिक र पाक्षिक गरेर १९ ओटा पत्रिकाहरू नियमित छन्। यहाँका स्थानीय पत्रिकाले औसतमा पनि न्यूनतम २ लाखभन्दा वढीको वार्षिक कारोवार गर्छन् भनेर मान्न सकिने प्रशस्तै आधारहरू छन्। त्यसैल पनि यो रकम कम्तीमा ३५ देखि ४० लाख त हुन्छ नै।

१७. विश्वराम कार्की, सचिन पोखरेल, लीला सुवेदी, ऋद्धि निरौला, विष्णु सुवेदीसँगको कुराकारीमा आधारित ।

१८. ८ सेन्टिमिटर ६ सेन्टिमिटरको रू. ३०० यहाँ चलेको स्टेन्डर विज्ञापन दरलाई आधार मानेर *व्लास्ट टाइम्सको* २०५८ वैशाखदेखि असोज (६ महिना) सम्मको पत्रिकामा छापिएका विज्ञापनहरूलाई हेर्दा औसतमा कम्तीमा पनि ४/५ हजारको विज्ञापन हरेक दिन छापिन्छ।

लाखको विज्ञापनको कारोवार यहाँ हुन्छ नै। साथै पाथीभरा विज्ञापन एजेन्सी विराटनगरको धरानमा अवस्थित कार्यालयवाट मात्र काठमाडौंका मिडियाहरूमा हुने विज्ञापनको आयतन वार्षिक १२ लाख छ।[१९] औद्योगिक क्षेत्रको रूपमा परिचित विराटनगरको तुलनामा धरानका पत्रपत्रिकाले वटुलेको विज्ञापनको आयतनलाई हेर्दा यदि पत्रिकाहरूले थोरै भए पनि विश्वसनीयता कमाए भने सीमित वजारभित्र पनि विज्ञापनका सम्भावनाहरू हुनसक्छन् भन्न सकिन्छ। तर यी दुई सहरको दाँजोमा विर्तामोडका विज्ञापनका स्रोतहरू धेरै नै सीमित छन्। तुलनात्मक रूपमा पत्रिकाहरूमा पाठकको विश्वसनीयता धरान र विराटनगरमा भन्दा वढी हुँदाहुँदै पनि यहाँका पत्रिकाहरूले गर्ने विज्ञापनको कारोवार साह्रै नाजुक छ।

### (ग) पाठक/वितरण/बजार

विर्तामोडको *मुक्ति आवाज* र *नयाँ कामना* प्रत्यक्ष रूपमा क्रमशः जनमुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीसँग आवद्ध पत्रिकाहरू हुन्। त्यसैले पाँचथरमा *नयाँ कामना*को र पाँचथर, दमक, धरान लगायत अन्य जनमुक्ति पार्टीका कार्यकर्ता र जनजाति आवादी भएका क्षेत्रहरूमा *मुक्ति आवाज*को वितरण राम्रो छ। *पूर्वाञ्चल* नैतिक रूपमा सत्ता पक्षसँग नजिक भएपनि विभिन्न राजनीतिक विचारधारा राख्ने पत्रकारहरू यो प्रकाशनसँग आवद्ध छन्। *स्वाधीन सम्वाद*को चर्चा गर्दा यसले सानो चियावगानको पक्षमा प्रायः वकालत गर्ने गर्छ। यो पत्रिकाका एकजना लगानीकर्ता गोपाल गिरीको स-सानो चिया वगान भएकाले *स्वाधीन सम्वाद* यसको पक्षमा गएको हो। झापाको सन्दर्भमा *विवेचना* मात्र यस्तो पत्रिका हो जुन कुनै राजनीतिक पार्टी वा अन्य कुनै समूहसँग आवद्ध छैन। सम्भवतः यही कारण *विवेचना*का पाठकहरू छरपष्ट छन् र तुलनात्मक रूपमा झापाका अन्य पत्रिकाहरूका भन्दा धेरै पनि। ''कहिलेकाहीं पूर्ण रूपमा स्वच्छ भएर लेख्न ज्यादै गाह्रो हुन्छ र हामी सक्दैनौं पनि,'' भन्छन् विवेचनाका सहसम्पादक, मोहनकाजी, ''तर निष्पक्ष हुने कोसिस भने सकेसम्म रहन्छ नै।'' सम्भवतः *विवेचना* र *पूर्वाञ्चल*ले स्थानीय पत्रिकाको वजार र पाठक हुनसक्छ भन्ने प्रमाणित गरेका छन्। इटहरी, वेलवारी, उर्लावारी जस्ता मोरङका ग्रामीण र अर्धग्रामीण क्षेत्रहरू अनि मेचीका केचना, शनिश्चरे, अर्जुनधांरा, वुधवारे, वाहुनडाँगी, कन्याम आदि क्षेत्रहरूमा *विवेचना*को वितरण राम्रै छ भनिन्छ। र यातायातका सुविधा भएका लगभग यिनै क्षेत्रहरूमा *पूर्वाञ्चल* पनि पुग्छ, भन्नुहुन्छ गोविन्दचन्द्र क्षेत्री।[२०]

पूर्वाञ्चलका प्रायः सवै ठाउँमा विक्री वितरण हुने एक मात्र पत्रिका *व्लास्ट टाइम्स* हो। *व्लास्ट टाइम्स*ले समाचार लेख्ने होइन वेच्ने गर्छ भनेर प्रायः सवै पत्रिकाका सम्पादकहरू स्वीकार्छन्। अपराध र यौन दुईओटा स्थायी विषयवस्तु वाहेक समय, परिस्थितिअनुसार मानिसहरूले उत्साहपूर्वक पढ्न/सुन्न चाहने विषयहरूमा *व्लास्ट टाइम्स*ले समाचार सम्प्रेषण गर्दछ। अनि ज्यादै कम सङ्ख्यामा मात्र समाचार

---

१९. धरानमा अन्य विज्ञापन एजेन्सीहरू छैनन्। यो एजेन्सी पनि दुई वर्ष पुरानो मात्र हो।

२०. दीपिन राई, कृष्ण धरावासी, नकुल काजी, ऋषिकेश उपाध्यायसँगको कुराकानीमा आधारित।

पढ्ने र विश्लेषण गरेर पचाउने क्षमता भएका पाठकहरू छन् जसले यी पत्रिकाका खुराकमार्फत् आफूमाथि अन्याय र शोषण भएको महसुस गर्छन् साथै विभेद खुट्याउन सक्छन्। तर *मर्निङ्ग पोस्ट, पूर्वाञ्चल र विवेचना* जस्ता केही पत्रिकाहरू जसका समाचार र विचारसँग विश्वसनीयता र स्तरीयता पनि गाँसिएको छ उनीहरू ब्लास्ट पत्रकारिता[२१] गर्न इच्छुक छैनन्।[२२]

तर *ब्लास्ट टाइम्स*सँग गाँसिएको केही असल पक्ष र वास्तविकता पनि छन्। जस्तोसुकै विषयवस्तुको सम्प्रेषण गरे पनि पूर्वाञ्चलमा पाठक जन्माउने काम *ब्लास्ट टाइम्स*ले गरेको कुरा सबैलाई स्वीकार्य छ। *ब्लास्ट टाइम्स*ले नै धेरै नपढ्ने समूहहरू - वस र स-साना होटल लाइनका व्यक्ति, विभिन्न मजदुरी गर्ने समूह र साक्षर मानिसहरू - लाई पत्रिका पढ्ने वनाएको हो। *ब्लास्ट टाइम्स*वाट अलगिएको सानो समूहवाट निस्कन थालेको *एक्सन टाइम्स*ले पनि राम्रै पाठक जन्माइरहेको छ जस्तो देखिन्छ। त्यस्तै *विजयपुर साप्ताहिक* २०५४/०५५ सालपछि आएर माओवादी समर्थक वनेको छ। जातीय अधिकार र माओवादीका गतिविधिवाहेक अन्य कुरा त पाठक आफैं पढ्दैनन् भन्ने विचार *विजयपुर*का सम्पादक भवानी वरालको छ। अनि *पूर्व टाइम, आरसी, धरान टुडे* जस्तै अन्य पत्रिकाको विक्री भने छैन तर ५/७ सय ग्राहक भने अवश्य छन्।

विराटनगरको वितरण र पाठकको तुलनात्मक रूपमा फरक स्थिति छ। यहाँ स्थानीय पत्रिकाहरूका पाठक छैनन्। *हिमालचुली, कोसेली* र *जनवार्ता*का २०४६ सालभन्दा अगाडिका सन्दर्भलाई विर्सने हो भने २०४६ सालपछिका वर्षहरूमा *चिरफार*को उदाहरण वाहेक (*चिरफार* अहिले वन्द छ) पाठक/वजारमुखी पत्रकारिताको अभ्यास यहाँ भएको छैन। त्यसैले *जनआवाज, दृष्टान्त, चाणक्य* र *दिग्दर्शन*का ४/५ सय ग्राहक छन् तर वजार भने छैन। त्यस्तै *कोसेली, पुष्पाञ्जली, शान्ति नेपाल* र *मोरङ साप्ताहिक*का मुस्किलले २००-३०० ग्राहक छन्।[२३]

विराटनगर र पूर्वाञ्चलमा विक्री हुने केन्द्रवाट प्रकाशित दैनिक पत्रिकाको भने वितरण राम्रै मानिन्छ। *कान्तिपुर*का पूर्वाञ्चल संयोजक भन्नुहुन्छ, संस्करण निस्कनुपूर्वको १०-१२ हजार वितरणदेखि *कान्तिपुर* अहिले लगभग २०-२२ हजारको वितरणमा पुगेको छ। त्यस्तै *नेपाल समाचारपत्र* ५-७ हजारको वितरणवाट १८-२० हजारको वितरण वनाउन सफल भएको छ भन्नुहुन्छ, पूर्वाञ्चल संयोजक यज्ञराज शर्मा। तर अन्य विभिन्न पत्रिका विक्रेता र पत्रकारहरूका स्रोतवाट वुझ्दा *कान्तिपुर* र

२१. *ब्लास्ट टाइम्स*को पत्रकारितामा भन्दा वढी व्यापारमा रुचि भएकाले यसमा छापिएका समाचारहरूमा हत्या, हिंसा र यौनसम्बन्धी सामग्रीहरू आवश्यकभन्दा वढी र स्तरहीन हुन्छन् भन्ने दावी धरानका प्रायः सम्पादकहरूको साथै झापाका केही पत्रकारहरूको छ। र यही हत्या, हिंसा र यौनसम्वन्धी हल्का स्तरको सामाचार प्रकाशन गर्ने इच्छा विशेष गरेर अन्य दैनिक पत्रिकाहरूका सम्पादकहरूमा नभएकाले ब्लास्टको स्तर जनाउन पनि पूर्वाञ्चलमा ब्लास्ट पत्रकारिता शव्द प्रचलित नै छ।

२२. राजेन्द्र शर्मा, कृष्ण श्रेष्ठ, आनन्दकुमार श्रेष्ठ, गोविन्दचन्द्र क्षेत्रीसँगको कुराकानीमा आधारित।

२३. ध्रुव खड्का (पत्रिका विक्रेता), जनार्दन मैनाली (पत्रिका विक्रेता, मैनाली पुस्तक भण्डार) सँगको कुराकानीमा आधारित।

*नेपाल समाचारपत्र* क्रमशः १२-१५ हजार र ३-५ हजार मात्र बिक्री हुन्छन्। तर जेहोस् यी पत्रिकाहरू विहानै उपलब्ध हुनथालेकाले केन्द्रवाट प्रकाशित *गोरखापत्र, स्पेसटाइम दैनिक, हिमालय टाइम्स* र *राजधानी*लाई त मार परेकै छ तर त्यो भन्दा पनि वढी विहानै त्यही समयमा उपलव्ध हुने *व्लास्ट टाइम्स, विवेचना* र *पूर्वाञ्चल*को वितरण ३०-३५ प्रतिशतले घटेको छ। *मर्निङ्ग पोस्ट* प्रायः ढिलो आउँछ वजारमा, त्यसैले पनि त्यसको वितरण पुरै घटेको छ। आफ्नै छापाखाना भएन भने यो वन्द गर्नु पर्ने अवस्थामा पुगिसक्यो भन्नुहुन्छ, सम्पादक/प्रकाशक आनन्द श्रेष्ठ।

पत्रिकाको विषयवस्तुले सामाजिक विविधताको हिसावले पाठकलाई आकर्षित गरेको पाइँदैन। झापाका सवै पत्रिका र धरानका *व्लास्ट टाइम्स, मर्निङ्ग पोस्ट* र *विजयपुर* पनि सानो पाठक र रुचिको घेराभन्दा वाहिर आएर सामाजिक-आर्थिक अवस्थामा औंल्याइएका विविध जातिको रुचि, समस्या र आवश्यकतालाई समेटेर अगाडि जानसकेका छैनन्। अनि अर्कोतर्फ कमजोर व्यवस्थापकीय पक्षवीच सीमित लगानी, मानवीय स्रोत र वजार भएको परिवेशमा थारू, यादव, सातार वा राई, लिम्वू, तामाङ आदि जातिहरू आफ्नै समाज र रुचिअनुसारको पत्रिका प्रकाशन गर्ने अवस्थामा पनि छैनन्।

**(घ) व्यवस्थापकीय पक्ष साथै व्यक्तिगत र सामूहिक प्रयास**

विराटनगरमा एक व्यक्तिको प्रयासमा सञ्चालन हुने पूरा पत्रिकाहरूका वारेमा माथि धेरै चर्चा गरिसकिएको छ। व्यवस्थापकीय पक्षको आवश्यकता खट्किँदाखट्किँदै पनि विशेष गरेर विराटनगरमा साथै धरान र विर्तामोडमा पनि छरितो व्यवस्थापनको उदाहरण व्यवहारमा किन देखिएन भनेर वुझ्न केही मनस्थितिहरूको विश्लेषण गर्नुपर्ने हुन्छ।

धरानमा अहिले जति पनि समूहगत रूपमा पत्रिकाहरू निस्केका छन् ती सवै सुरुमा भवानी वराल र राजकुमार कार्कीको एउटै समूह थियो। अनि सँगै काम गरेको छोटो समयमा नै भवानी वरालले *विजयपुर* र राजकुमार कार्कीले *व्लास्ट टाइम्स*को प्रकाशन सुरु गरे। एउटै समूहवाट फुटेर नयाँ प्रकाशन प्रारम्भ गर्ने अभ्यासले यसपछि पनि राम्रै निरन्तरता पाएको छ। यसले नेपाली मनस्थितिको राम्रै व्याख्या गर्छ जहाँ संस्थाहरू वन्ने भन्दा फुट्ने धेरै गर्छन्। तर पनि धरानमा अलग भएका व्यक्तिहरूले समूह वनाएर पत्रिका निकाल्ने प्रयास गर्दै आएका छन्। यही कारण धरान तुलनात्मक रूपमा दुई सहरभन्दा अगाडि देखिन्छ। प्रायसः चुनाव वा अन्य अवसरमा राजनीतिक विचारधारामा आउने विमतिका कारण यी समूहहरू स-साना समूहमा विभाजित हुन्छन्। फरक के मात्र हो भने सुरुमा एउटै समूहवाट पत्रकारिताका स-साना समूहहरू निर्माण भएकोले प्रत्येक समूहले आफ्नो अस्तित्व वचाउन सकभर प्रयास गरिरहेका छन्। त्यसैले पनि समूहगत रूपमा पत्रकारिताका विभिन्न अभ्यास हुने सम्भावना धरानमा छ। तर पत्रिकाको सङ्ख्याका हिसावमा धरानमा पनि व्यक्तिगत रूपमा वा एक जना सहयोगी राखेर निस्केका पत्रिकाको सङ्ख्याहरू ६ वटा छ (हेर्नुहोस् तालिका १)। यसले समूहगत रूपमा हुने पत्रकारितालाई असर त पार्छ नै तर त्योभन्दा ठूलो असर सरकारी नीतिमा पुऱ्याएको छ।

व्यवस्थापन छरितो हुन नसक्दा सवै प्रयासहरू कमजोर हुन्छन् भन्ने आवश्यकताको महसुस तुलनात्मक रूपमा विर्तामोडले वढी गरेको छ जस्तो वुभिन्छ। एक वर्ष अगाडिसम्म समूहगत रूपमा राम्रोसँग अगाडि वढिरहेको पत्रिका *पूर्वाञ्चल* मात्र थियो भने सात जनाको लगानी तर तीन जनाको प्रमुख सक्रियतामा चलेको अर्को पत्रिका *मुक्ति आवाज* थियो। दुवै पत्रिकाका व्यवस्थापन पक्ष ज्यादै कमजोर थिए र अभ्र पनि कमजोर छन्। फरक के मात्र हो भने पत्रिकाको व्यवस्थापन प्रवर्द्धन र मार्केटिङ्ग अलि वढी जटिल छ र यो सवै काम पत्रकारको क्षमताको होइन भन्नेसम्मको हेक्का राख्ने अवस्थामा यिनीहरू पुगेका छन्। त्यसैले व्यवस्थापकीय पक्ष कसको सहयोगमा कसरी गर्न सकिन्छ भन्ने चिन्ताले यिनीहरू ग्रस्त छन् अहिले। एक्लैले पत्रकारिता गर्नु कठिन हो साथै प्रभावहीन हो भन्ने कुरालाई महसुस गरेर नै फागुन २०५७ देखि *विवेचना* पनि समूहगत रूपमा अगाडि वढेको छ। अभ्रै अर्कोतर्फ २७ वर्षदेखि पत्रिका चलाइरहेका डिल्लीराम निर्भीकले पनि एक्लै पत्रकरिता गर्नुको प्रभावहीनता राम्रैसँग अनुभूति गर्न थालेका छन्। सायद यही कारण यहाँको वजारमा एकल प्रयासमा निस्किरहेका कुनै पनि पत्रिकाहरूको वजार छैन। तर यी पत्रिकाहरू प्रकाशित नै हुन वन्द भएका भने छैनन्। निकट भविष्यमा कि त वाध्य भएर समूहगत हुने अभ्यासमा यिनीहरू लाग्नु पर्छ कि त पलायन निश्चित छ। विराटनगरको उदाहरणले तर के पनि भन्छ भने *कोसेली* र *पुष्पाञ्जली* जस्तो १००-२०० प्रति छापेर यिनीहरू वाँकी नै रहन भने सक्छन्।[२४]

*कोसेली* र *पुष्पाञ्जली* जस्ता पत्रिकाहरू विराटनगरमा अरू पनि छन् जसको समूहगत रूपमा अगाडि वढ्ने मानसिकता छैन। पञ्चायतकालदेखि यसरी नै पत्रकारिता गरिरहेको अभ्यास, समूहगत प्रयासमा अगाडि वढ्दाको आर्थिक तत्त्व, पत्रकारितावाट कमाइएको सामाजिक प्रतिष्ठा, परिवर्तनसँगको डर, एक्लै पत्रकारिता गर्दा प्राप्त हुने अन्य परोक्ष फाइदाका साथै अरू विभिन्न पक्षहरूले गर्दा यस क्षेत्रका एकल प्रयासमा पत्रकारिता गरिरहेका व्यक्तिहरू समूहगत रूपमा अगाडि वढिरहेका छैनन्। जवसम्म यी अनगिन्ती प्रभावशाली पक्षहरूको राम्रो विश्लेषण हुँदैन तवसम्म समूहगत रूपमा पत्रकारिताको राम्रो अभ्यास हुने सम्भावना न्यून छ। भर्खरै पढेर आएका वा पत्रकारितामा इच्छुक नयाँ समूहहरूवाट सामूहिक प्रयास त हुनसक्छ तर यस्ता व्यक्तिहरूको प्रभाव रहेको क्षेत्रमा नयाँ प्रयासहरू वाँच्न भने कठिन हुन्छ। त्यसैले नयाँ समूह आएर केही गर्ला भन्ने आशा राख्नुभन्दा राम्रो भएकै व्यक्ति र स्रोतहरूको सही प्रयोग गर्ने उपायहरूको खोजी अनिवार्य हुन्छ। यसको लागि माथि विश्लेषण हुनुपर्छ भनेर भनिएका पक्षहरूलाई मनन गर्न जरूरी भएको छ। क्षेत्रीय पत्रकारिताको चर्चा गर्दा पत्रकारितालाई आफ्नै ढङ्गले वुभ्रेका साथै पञ्चायतकालदेखि नै पत्रकारिता गर्दै आएका यी व्यक्तिहरूको उपस्थिति तुलनात्मक रूपमा प्रकाशनका निम्ति अहिलेको परिवेशमा वजार, विज्ञापन र पाठकभन्दा पनि प्रभावशाली शक्ति हो। त्यसैले यिनीहरूले पटकपटक भन्ने विज्ञापन र

---

२४. दीपिन राई, लीला वराल, गोविन्द क्षेत्री, नकुल काजी, डिल्लीराम निर्भीक, लीला उदासीसँगको कुराकानीमा आधारित।

पाठकको अभाव वास्तविकता हुँदाहुँदै पत्रकारिता र यसको क्षेत्रीय विकासलाई सुधार्न सम्पादक/प्रकाशक हरूको व्यवहार र सोचाइमा परिवर्तन आउनु अनिवार्य छ।

## ४. व्यावसायिक चुनौती

प्रकाशनको साङ्गठनिक स्वरूप र प्रकाशनमा सकृय शक्तिहरूले यस खण्डका धेरै पक्षलाई समेटिसकेका छन्। पूर्वाञ्चलमा देखिएको पत्रकारिताका सम्भावनाहरूवीच माथि चर्चा नगरिएका अन्य केही चुनौतीहरू पनि छन्। व्यावसायिक रूपमा पत्रकारिता अगाडि नवढ्नुमा कारक तत्त्व वनेका तिनै विविध पक्षहरूलाई केलाउने प्रयास यहाँ गरिने छ।

### (क) मौसमी पत्रिका[२५]

माथि उल्लेख गरिएका जम्मा २५५ पत्रिकाको दर्तामध्ये कहिले पनि प्रकाशित नभएका पत्रिकाको सङ्ख्या २५ भन्दा धेरै छैन। अनि वजारमा प्रभाव जमाएर सधैंका निम्ति वन्द भएका पत्रिकाको सङ्ख्या २० पनि नपुग छ। हुनसक्छ हाल नियमित प्रकाशित नभएका र सधैंका लागि वन्द भएका वाहेक पनि कम्तीमा २०० को सङ्ख्यामा प्रकाशनहरू रहेका छन्। यसमध्ये ५०% पत्रिकाहरू व्यावहारिक कठिनाइका कारण कहिले जन्मे कहिले मरे राम्रो लेखाजोखा नभएको हो। त्यसपछि पनि हामीसँग १०० ओटा पत्रिका रहन्छन् जसमा मौसमी पत्रिकाहरूको सङ्ख्या वढी छ भने पत्रकार भएको केही वर्ष नवित्दै सम्पादक हुने रहरले पनि यस्ता पत्रिकाहरू प्रकाशित भएका हुन्। तर मौसमी पत्रिका विशेष गरेर राष्ट्रिय चाडपर्वका समयमा निस्कन्छन् र एकपटकमा कम्तीमा ७०-८० हजारको विज्ञापन उठाउँछन्। यो विज्ञापन रकम नियमित निस्किरहेका पत्रिकाहरूको भन्दा धेरै भएको कारण यिनीहरूले लिने विज्ञापन दरले गर्दा हो। यही अवसरमा नेपाल भरिका विभिन्न कार्यालय र व्यक्तिहरूसँग ५-१० हजार लिएर ग्राहक पनि वनाउने गरेका छन्। यसले एकातिर स्थानीय पत्रकारिताको छविलाई प्रदूषित गरेको छ भने अर्कोतर्फ कुनै विज्ञापन विना अन्य समयमा पनि निरन्तर प्रकाशन गरिरहेका पत्रिकाहरूको वजार खोस्ने गरेको छ।

यो अभ्यासले सीमित आर्थिक स्रोतको दुरूपयोग गर्नुवाहेक स्थानीय पत्रकारिताको विश्वसनीयता र वजारलाई धमिल्याउने काम गरिरहेको छ। विज्ञापनदाताहरू पनि ठगिइहेका छन्। यो चुनौतीलाई रोक्न निरन्तर पत्रिका प्रकाशन गरिरहेका व्यक्ति/समूहले समन्वय राखेर विज्ञापनदाताहरूमा पनि सही सन्देश पुऱ्याउनु पर्ने हो, तर यसो भइरहेको छैन। यसो नहुनुको कारण सीमित स्रोत र साधनको भरमा पत्रकारिता गरिरहेका व्यक्तिहरूलाई कसले कहाँ ठगिरहेको छ भनेर पछि लाग्ने

२५. पूर्वाञ्चलमा धेरै त्यस्ता पत्रिकाहरू पनि प्रकाशित हुन्छन् जुन नियमित निस्कदैनन् तर समयसमयमा वा विशेष गरेर विज्ञापन निस्कने समयमा देखा पर्ने गर्छन्। यिनै मौसमअनुसार प्रकाशित हुने पत्रिकाहरूलाई यस क्षेत्रमा मौसमी पत्रिका भनिन्छ।

फुर्सद नभएर नै हो। यही कारण निरन्तर प्रकाशन गरिरहेका व्यक्तिहरूमा पराजित मानसिकता लिएर २००-४०० प्रति पत्रिका निकाल्नु वाहेक अरू उपाय पनि केही छैन। पत्रकार महासङ्घ जस्तो संस्थालाई निरन्तर प्रकाशित भइरहेका पत्रिकाको समस्याहरू कसरी सुल्भाउने चासो हुनुपर्ने हो, तर ती संस्थाका प्रतिनिधिहरू स्थानीय राजनीतिमा व्यस्त छन्।[२६]

(ख) पत्रकार

विराटनगरको मिडिया विकसित नहुनुको एउटा प्रमुख कारण माथि उल्लेख गरिसकिएको, स्थानीय रूपमा गैरप्रजातान्त्रिक अभ्यास व्याप्त हुनु नै हो। यही पीत पत्रकारिता हावी हुनुले यहाँको पत्रकारहरू माथि विश्वनीयताको अभाव छ। तुलनात्मक रूपमा पूर्वाञ्चलको ठूलो सहर हुनाले र एउटा प्रमुख व्यापारिक नाका पनि भएकाले आफ्नो क्रियाकलाप सार्वजनिक गर्न नचाहने व्यक्तिहरूसँग आर्थिक दलाली गर्ने अवसरहरू पत्रकारहरूसँग प्रशस्त हुन्छन् (रजौरिया सन् २०००:३०-३२)। यिनै पीत पत्रकारिता र आर्थिक दलाली जस्ता गैरप्रजातान्त्रिक अभ्यासले के पनि पुष्टि गर्छ भने विराटनगरमा पत्रकारहरू एक-आपसमा विभाजित छन्। समूहगत रूपमा अगाडि वढ्न नसक्नु यही आपसमा विभाजित भएर आफ्नो फाइदाको लागि मात्र सोच्ने प्रवृत्तिले गर्दा हो। पत्रकारहरू विभाजित छन् भन्ने पुष्टि नेपाल पत्रकार महासङ्घको तत्कालीन सभापति, यज्ञराज शर्माले २०५४ सालमा *चिरफार*लाई दिएको एक अन्तर्वार्ताले पनि गर्छ, जसमा उनले भनेका थिए, ''यहाँ रहेका पत्रकारितासँग सम्वन्धित पाँचओटा संस्थाहरूको पहलमा एकता प्रयासको थालनी भएको छ। र यसवीचमा कम्तीमा पत्रकार-पत्रकारवीच गालिगलौज गर्ने र हिलो छ्याप्ने काममा कमी आएको छ'' (चिरफार २०५४)।

आर्थिक र राजनीतिक दुई कारक तत्त्व हुन् जसले पत्रकारहरूलाई विभाजित तुल्याएको छ। राजनीतिक विचारधारामा भएको विमतिका कारण आफ्नो खेमा वाहेकका व्यक्तिहरूसँग एकता नहुनु सवैले वुझेको यथार्थ हो, जहाँ विचारको मतभेदले विभाजित तुल्याएको हुन्छ। तर आर्थिक कारणले ल्याएको विमतिमा पत्रकारहरूको द्वैध चरित्र प्रमुख तत्त्व हो।

विशेष गरेर भन्सार, कर कार्यालय लगायत विभिन्न सरकारी कार्यालयहरूमा हुने आर्थिक भ्रष्टाचार, मारवाडी व्यापारीहरूवाट हुने कालोवजार, साथै अन्य गैरसरकारी संस्थामा हुने घोटालाहरूवारे विभिन्न चर्चाहरू सुन्नमा मात्र आउँछन्। अनियमितता हुन्छ नै भनेर विराटनगरस्थित टिम्वर कर्पोरेसन अफ नेपाल (टीसीएन), जिल्ला वन, इलाका वन र रेन्जपोस्टदेखि माथिसम्मका धेरै व्यक्तिहरू मिलेर काठ विक्री गरी करोडौंको भ्रष्टाचार गरेको विषयमा विकास थापाले *कान्तिपुर*मा माघ २०५७ देखि वैशाख २०५८ सम्ममा आठओटा खोजमूलक समाचार

२६. नकुल काजी, रवीन्द्र चक्रवर्तीसँगको कुराकानीमा आधारित।

लेख्नु भएको घटना उल्लेखनीय छ।[२७] तर यहाँका स्थानीय कार्यालयहरूमा भएका यस्ता गतिविधिहरूवारे स्थानीय पत्रपत्रिकामा खासै केही पढ्न पाइँदैन। २०४६ साल पछि *चिरफार* मात्र यस्तो पत्रिका जन्मियो जसले आफ्नै व्यवसायीहरूको चिरफार पनि समयसमयमा गर्दै आएको थियो। फलस्वरूप त्यस समयमा स्थानीय पत्रकारहरूवाट *चिरफार*लाई धेरै धम्की पनि प्राप्त भयो भन्नु हुन्छ तत्कालीन *चिरफार*का सम्पादक अखण्ड भण्डारी। त्यस्तै २०५५ असोजमा 'सरकारी उपेक्षाको सिकार वन्दै आएको पत्रकारिता र यसले भोल्नु परेका समस्याहरू' विषयक कार्यक्रमको समाचारमा *चिरफार* लेख्छ, "सो अवसरमा उपस्थित पत्रकारहरूले विराटनगरको पत्रकारितामा एकताको अभाव भएको, अधिकांश पत्रकारहरूको चरित्र र आचरण खराव भएको, एकदुई वाहेक सवै पत्रिकाहरूको स्तरहीन भएका जस्ता कुराहरूको आत्ममूल्याङ्कन गर्नु भएको थियो" (चिरफार २०५५)। उनीहरूकै यही खराव चरित्र र आचरण जसलाई आमरूपमा यहाँका पत्रकार र पत्रकारितासँग सम्वन्धित व्यक्तिहरू स्वीकार त गर्छन्, तर यदि केन्द्रित हुन खोज्यो अनि सन्दर्भ र नाम लिएर चर्चा गऱ्यो भने कोही केही वताउन चाहँदैनन्। अर्कोतर्फ पत्रकारिता, आचारसहिंता, चौथो अङ्ग, सामाजिक दायित्वका नाँचहरू पनि यिनीहरू नै नाच्छन्। त्यसैले पनि भन्न सकिन्छ समाजमा भएका सामाजिक, आर्थिक अनियमिततालाई यिनै पत्रकारहरूले टेवा दिइरहेका छन्। र यो यथार्थ हो भन्ने कुराको पुष्टि पत्रकारहरूको आचरण र चरित्रवारे राजन भट्टराईद्वारा लिखित लेखको यी अंशहरूले पनि गर्छन्:

> विराटनगरमा पत्रकार भनेपछि मानिसले थरीथरीका शङ्का उपशङ्काको दृष्टिले हेर्छन्। निश्चय नै पत्रकारहरूले राम्रो आचरण देखाउने हो भने विराटनगरको पत्रकारिताले बेग्लै मोड लिन सक्ने थियो। ...विराटनगरको पत्रकारिता नैतिक समस्याले अत्यन्तै धराप अवस्थावाट गुज्रिरहेको छ। पत्रकारितामा आमूल परिवर्तन नभएसम्म र यहाँ भिखारी पत्रकारको वाहुल्यता रहेसम्म यो व्यवसायले यस्तै घृणित अवस्थावाट गुज्रिनुपर्ने तथ्य स्पष्ट छ। जवसम्म विराटनगरको पत्रकारिता झोले पत्रकारको ठगीखाने भाँडोको रूपमा रहन्छ तवसम्म यहाँको पत्रकारिता विकास होइन, विनासतिर धकेलिन्छ। ...यो विराटनगरको ब्रहुसङ्ख्यक पत्रकारहरूको चरित्रको सामान्य लेखाजोखा हो, यस्तै चरित्रको कारण यहाँको पत्रकारिता अपमानित भैरहेको छ। त्यसैले यहाँको पत्रकारितामा आमूल परिवर्तनको खाँचो अपरिहार्य छ (भट्टराई २०५५)।

स्थानीय कार्यालयहरूमा हुने अनियमितताकै चर्चा गर्दा ठूलो रूपमा आर्थिक हिनामिना हुने र धेरै पत्रकारहरूले वोधार्थ दिने एउटा गैरसरकारी कार्यालयको नाम हो सुनसरी-मोरङ सिंचाइ आयोजना। भर्खरै सार्वजनिक भएको यस आयोजनावारे मूल्याङ्कन प्रतिवेदनको समाचारमा दीपक पाण्डे लेख्छन्, "विश्व वैङ्कको ऋण

---

२७. काठमा भएको यो हिनामिनावारे *कान्तिपुर*मा समाचार आएपछि विचराले आफ्नो भागको रकम पाएन छ त्यसैले त यस विषयमा यत्तिका समाचार लेख्यो भन्ने किसिमका गफहरू विराटनगर अवस्थित पत्रकारहरूले प्रशस्तै गरेका थिए भन्ने अनुभव पनि विकास थापासँग छ।

सहयोगमा सञ्चालित सुनसरी-मोरङ सिंचाइ आयोजनाको निर्माण कार्यमा अनियमितता भएको जनाउँदै अन्तर्राष्ट्रिय दातृसंस्थाको मूल्याङ्कन समितिले आयोजना सञ्चालनको कार्यशैली सच्याउन व्यवस्थापन पक्षलाई कडा निर्देशन दिएको छ" (पाण्डे २०५८)। सिंचाइ आयोजनाको सडक निर्माणमा हुने गरेको भ्रष्टाचारसम्वन्धी विकास थापाले लेखेको रिपोर्टिङ पनि यहाँ हुने गरेको अनियमितताको अर्को प्रमाण हो (थापा २०५८)। तर समाचारको खडेरी परिरहेका यहाँका स्थानीय पत्रपत्रिकामा सुनसरी र मोरङमा गरेर ६० हजार हेक्टरभन्दा वढी जमिनमा सिंचाइ, नहर निर्माण, कुलो निर्माण, कोसी नदीको वाढी नियन्त्रण, वाँध निर्माण लगायत अन्य विभिन्न किसिमका सिंचाइसँग सम्वन्धित कार्यक्रमहरू र उक्त आयोजनाका निर्माण कार्यवारे केही पढ्न पाइँदैन। जव कि यही आयोजनाको गतिविधिहरूका समाचारवाट मात्रै पनि यी पत्रिकाहरू भरिन सक्छन्। दातृसंस्थाले स्वयम् भ्रष्टचार हुन्छ भन्ने सङ्केत स्पष्ट रूपमा औंल्याउँदा औंल्याउँदै आयोजनाको निर्माण कार्यका हिनामिनावारे स्थानीय पत्रिकाहरूमा वा त्यहाँ अवस्थित सम्वाददाताहरूमार्फत काठमाडौंकै पत्रिकाहरूमा किन केही पढ्न पाइँदैन भनेर वुझ्दै जाँदा थाहा हुन्छ विराटनगरको ३५ जनाभन्दा वढी पत्रकारलाई उक्त आयोजनाले नियमित तलवमा राखेको छ।[२८] फलस्वरूप यस आयोजनाको अनियमितताका समाचार यिनै पत्रकारहरूले नलेख्ने मात्र होइन अन्य कुनै पत्रिकाहरूमा नआउनमा पनि आयोजनासँग सम्वन्धित पत्रकारहरूको ठूलो भूमिका रहन्छ। यस्ता पत्रकारहरूमा स्थानीय रूपमा अनियमित पत्रिका प्रकाशन गर्ने वाहेकका विशेष गरेर केन्द्रवाट प्रकाशित विभिन्न पत्रिकाहरूमा कार्यरत पत्रकारहरू पनि रहेका छन्।

सुनसरी-मोरङ सिंचाइ आयोजना एउटा उल्लेखनीय उदाहरण मात्र हो। विशेष गरेर विराटनगरमा यस्ता अभ्यासहरू विभिन्न उद्योगहरूमा पनि हुन्छन् भन्ने कुराको पुष्टि *चिरफार*को तत्कालीन सम्पादक रहेको समयमा अखण्ड भण्डारीले लेखेको लेखको यो सानो अनुच्छेदले पनि दिन्छ:

> पत्रकारहरूले सावुन उद्योगहरूमा गएर सावुनका कार्टुनहरू कुम्ल्याउनु पर्छ। पत्रकारहरूले विस्कुट फ्याक्ट्रीमा गएर विस्कुटका पुरियाहरू धोक्याउनु पर्छ। दारू फ्याक्ट्रीमा गएर दारूका कार्टुनहरू तन्क्याउनु पर्छ र वोतलहरू भच्चाउनु पर्छ। त्यसो नगरे ऊ पत्रकार हुँदैन। उसले पत्रकार भनेर चिनिन पनि त्यसै गर्नुपर्छ। यो चलन यहाँको पत्रकारिताको पर्यायवाची वन्ने गरेको छ। र यहाँको दुनियाँले पत्रकार यस्तै जन्तु हो भनेर निर्धक्कसाथ भन्न सकेका छन्। ...आखिर पत्रकारहरू चरित्रहीन हुनु र आम सञ्चारको वदनाम हुनुमा यहाँको समाज, यहाँका वुद्धिजीवीहरू, ठूला हाकिमहरू, सरकारी मान्छेहरू समेत उत्तिकै जिम्मेवार छन् (भण्डारी २०५४)।

त्यसैले विभिन्न अवसर र आर्थिक कारणले ठगिएका तर पनि कठिन समस्यावीच जेनतेन पत्रकारिता गरिरहेका व्यक्तिहरूको ठूलो लडाई यी द्वैध चरित्र भएका पत्रकारहरूसँग पनि छ। दुःख के मात्र हो भने यिनै पत्रकारहरूको वोलवाला भएकाले

---

२८. विराटनगरकै विभिन्न पत्रकारहरू, जो आफ्नो स्रोत खोल्न चाहँदैनन् उनीहरूसँगको कुराकानीको आधारमा यो सङ्ख्या अनुमान गरिएको हो।

सवै किसिमवाट पिछडिएका तर व्यावसायिक इमान्दारिता भएका पत्रकारहरू भने पराजित भइसकेका छन्। त्यसैले नकुल काजी भन्नुहुन्छ, "पत्रकारितामा हावी भएको अनपढ र किर्ते अनुहारहरूले एकातर्फ असली पत्रकारिता गर्ने व्यक्तिहरूलाई मार परिरहेको छ भने अर्कोतर्फ पत्रकारिता नभएर पत्रकार मात्र गर्ने व्यक्तिहरूको वोलवाला व्याप्त छ।[२९]

**(ग) आर्थिक-सामाजिक असुरक्षा**

सीमित आर्थिक स्रोतको गलत प्रयोगका विभिन्न रूपवारे धेरै चर्चा गरिसकिएको छ। हुन त तीनओटै सहरमा सम्पूर्ण समय पत्रकारिता गर्ने व्यक्तिहरूको सङ्ख्या र पत्रकारितावाहेक शिक्षण, प्रेस (मुद्रण) र अन्य पेसाहरूमा लागेका व्यक्तिहरूको परिमाण लगभग उस्तै छ। अनि यो लेखभरि चर्चा गरिएका समस्याहरूलाई मनन् गर्ने हो भने पत्रकारिता मात्र गरेर जीविका चलाउन सक्ने अवस्था पनि छैन। स्थानीय पत्रिका चलाएर जीविका चलाउन सकिन्छ भन्ने *व्लास्ट टाइम्स* वाहेक कुनै समूह भेटिँदैन यस क्षेत्रमा। एकल प्रयासमा पत्रकारिता गरिरहेका व्यक्तिहरूको त अवका दिनहरूमा चर्चा नगरे पनि हुन्छ। फरक के मात्र हो भने वास्तविकतालाई हेर्दा प्राय व्यक्तिहरू पत्रकारितावाहेक केही गर्दैनन्। अनि थुप्रै छन् जसको जीवनशैली र आर्थिक अवस्था नाजुक छैन पनि। सीप र क्षमता भएका र आर्थिक स्थिति नाजुक भएका पत्रकारहरू नभएका पनि होइनन्। तर पनि पत्रकारिता नै गरेर जीविकोपार्जन कसरी हुन्छ भनेर नजिकवाट पत्रकारितालाई हेरिरहेका, अध्ययन अनुसन्धान गरिरहेका व्यक्तिहरूले शङ्का गर्ने खुकुला घटनाका सिलसिलाहरू भने प्रशस्तै छन्। र नयाँ पुस्ताका स्थानीय पत्रकारहरूलाई आफू लागेको व्यवसायमा स्वच्छ र स्तरीय प्रतिस्पर्धा ल्याउन खोज पत्रकारिताको एउटा राम्रो विषय यिनै पत्रकारहरूको गतिविधि माथिको निगरानी पनि हुनसक्छ। तर थोरैमा रू.१०००-१५०० देखि धेरैमा रू.२५००-३००० वीचको मासिक तलवमा मात्र भर पर्नुले व्यवसाय प्रतिको लगनशीलतालाई पनि घटाएको छ भने समाजमा भएका अनियमितता र अत्याचारलाई वाहिर ल्याउन वाधक वनेको छ।[३०] किनभने यी संस्थाहरूले न पत्रकारको पेसाको नै सुरक्षा दिन सक्छन् न त सामाजिक जीवनको। त्यसैले पनि एकातर्फ पत्रकारहरूले आयका वैकल्पिक माध्यमहरूको खोजी गर्नु स्वाभाविक हो भने अर्कोतर्फ माथिको खण्डमा चर्चा गरिए जस्तै अनेकौ किसिमका दाउपेच लगाएर

---

२९. पत्रकारिता होइन पत्रकार गर्ने व्यक्ति भन्दा यस क्षेत्रमा के वुझिन्छ भने कलममा कुनै रूचि वा सीप नहुँदा नहुँदै पनि आफूमा भएको दलाली गर्ने सीप राम्रो भएकाले यी व्यक्तिहरू पत्रकारिता त गर्दैनन् तर पनि पत्रकार भने अवश्य हुन्। र त्यही दलाली गर्ने सीपको उच्चतम प्रयोग गरेर यी व्यक्तिहरू पत्रकारिता नभए पनि पत्रकार गर्छन्।

३०. तलवको चर्चा गर्दा यहाँ पत्रिकामा कार्यरत सम्पादकहरूको मासिक आम्दानी कति छ भनेर यकिन गर्न सजिलो छैन। पूर्वाञ्चलमा कुनै पनि त्यस्ता पत्रिकाहरू छैनन् जहाँ सम्पादकहरू जागिर खान्छन्। यी सम्पादकहरू सवै नाफाका साझेदारहरू हुन्। र कुनै पनि पत्रिकाहरूले कति नाफा आर्जन गर्छन् वा वर्षौंदेखि नोक्सानमा मात्र छन् भनेर वुझ्न आवश्यकभन्दा वढी जटिल छ। विशेष गरेर एकल प्रयासमा चलिरहेका पत्रिकाहरूको आयव्ययको कुनै लेखाजोखा नै हुँदैन।

अन्य आर्थिक स्रोत जुटाउन आफ्नो अधिकारको गलत प्रयोग गरिरहेका पनि हुन्। यही कारण आर्थिक असुरक्षा र पत्रकारिताभित्रको गैरप्रजातान्त्रिक अभ्यासवीचको अन्तरसम्वन्ध राम्रै छ भनेर भन्न सक्ने ठाउँहरू प्रशस्तै छन्।

सामाजिक असुरक्षा पनि राम्रै चुनौती वनेको छ। सानो भौगोलिक क्षेत्र, त्यसमाथि पनि अनिश्चित भविष्य वोकेका यी संस्थाहरूसँग आवद्ध रहेर पत्रकारिता गर्नु आफैँमा ठूलो चुनौती हो। अनि पत्रकारहरूलाई त्यही पारिश्रमिक पनि समय र नियमित रूपमा दिनसक्ने अवस्थामा धैरै प्रकाशनगृहहरू छैनन्। त्यसैले सवै किसिमवाट असुरक्षित मनस्थितिले आर्थिक अनियमिततालाई जोड दिनु स्वाभाविक हो। तर पत्रकारिताको राम्रो अवधारणा र शिक्षा नहुनुले पनि यस्ता अनियमिततालाई टेवा पुऱ्याइरहेको छ।

### (घ) सरकारी नीति

चुनौतीका रूपमा देखिएका मौसमी पत्रिका, पत्रकारको द्वैध चरित्र र आर्थिक-सामाजिक असुरक्षा स्थानीय पत्रकारितामा व्याप्त हुनुमा सरकारी नीतिको पनि ठूलो भूमिका छ। सरकारी नीति मात्र पनि स्पष्ट हुने हो र ती स्पष्टताहरूको कार्यान्वयन पक्ष राम्रो हुने हो भने अनगिन्ती समस्याहरूको स्वतः अन्त्य हुन्थ्यो। तर यसले स्थानीय पत्रिकाहरू एकाएक समस्यामुक्त हुन्थे भन्ने होइन। फरक के मात्र हो भने स्थानीय पत्रकारहरूले स्तरीय पत्रकारिता र यसका सामाजिक दायित्वको अभ्यास गर्ने वातावरणको सृजनामा स्पष्ट नीतिले ठूलो सघाउ पुऱ्याउने थियो।

नीतिको चर्चा गर्दा प्रेस काउन्सिलले गर्ने पत्रकारिताको वर्गीकरणमा विभेद छ। यो वर्गीकरण, वर्गीकरण सम्परीक्षणमा प्राप्त हुने अङ्कको आधारमा गरिन्छ। अनि यही वर्गीकरणमा प्राप्त अङ्कको आधारमा यी पत्रिकाहरूले निश्चित रकम पाउने गर्छन (वर्गीकरण सम्परीक्षण प्रक्रियाको विस्तृत व्याख्या र वर्ग अनुसार पत्रिकाहरूले प्राप्त गर्ने सहयोगसम्वन्धी जानकारीको लागि हेर्नोस् यस पुस्तकको पृष्ठ १२३)। यसको लागि यी पत्रिकाहरूले प्रेस काउन्सिलमा नियमित रूपमा हरेक प्रकाशित अङ्कको २ प्रति पठाउनु पर्ने हुन्छ। साप्ताहिक प्रकाशन भए वर्षको ४८ अङ्क, दैनिक भए महिनाको २४ अङ्क पठाउनु पर्छ। अनि यो वर्गीकरण र वर्गीकरणको आधारमा पत्रिकाले पाउने सहयोग जसको प्रक्रियामा नै कमी कमजोरी छ, त्यसको कार्यान्वयन पक्षले त झन् धेरै गलत अभ्यासहरू जन्माएको छ यी क्षेत्रहरूमा।

वर्गीकरण प्रक्रियाको एउटा ठूलो आधार वितरण भएकाले सवै पत्रिकाले वर्गीकरणको माथिल्लो वर्गमा पर्न आफ्नो वितरण सङ्ख्या वास्तविकता भन्दा ४/५ गुना वढी वताउने गरेका छन्। वितरण सङ्ख्या धेरै वताउनुका घाटा केही छैनन् र फाइदाहरू प्रशस्तै छन्: पहिलो राम्रो वर्गमा पर्ने सम्भावना, दोस्रो वर्गअनुसार वढी रकम पाउने सुविधा, तेस्रो वितरण राम्रो छ भन्ने प्रचारले विज्ञापनको कारोवारमा वृद्धि, चौथो वितरणको हचुवा सङ्ख्याको भरमा पाठक जन्माउन सफल इत्यादि।

वर्गीकरण गर्नका निम्ति स्थानीय पत्रिकाहरू नियमित छन् कि छैनन् भनेर प्रेस काउन्सिलले जाँच्ने आधार प्रत्येक पत्रिकाको दुई अङ्क प्रेस काउन्सिलमा आइपुग्नु

मात्र हो। प्रेस काउन्सिलमा पुग्ने नियमित भनिएका पत्रिकाहरू कति प्रति मुद्रित हुन्छन्, स्थानीय वजारमा ती पत्रिकाहरूको उपस्थिति छ कि छैन, ती नियमित अङ्कहरू त्यही मितिमा मुद्रित भएका छन् कि छैनन् भनेर काउन्सिलले जाँच गर्दैन। यही जाँच नहुने नीतिका कारण ती पत्रिकाहरू थुप्रै अवस्थामा ८ प्रति छापिन्छन् र सम्वन्धित ठाउँहरूमा पुग्छन्। फलस्वरूप प्रेस काउन्सिलको नियमित सूचीमा पनि पर्छन् र सेवा स्वरूप निश्चित रकम पनि कुम्ल्याउँछन्। त्यसैले निसङ्कोच के भन्न सकिन्छ भने स्थानीय पत्रिकाले वजार वनाउने प्रयास नगर्नु, पत्रपत्रिकामा द्वैध चरित्रको निर्माण हुनु, पाठक भन्ने कुनै निश्चित समूह वा शक्तिको जन्म नहुनु, समयसमयमा ठूलो आर्थिक लाभको लागि वोलपत्र आह्वानको सूचना प्रकाशित गर्नु, पत्रिका प्रकाशित गरे वापत प्राप्त हुने केही रकम, टेलिफोन जस्ता सुविधाहरू उपभोग गर्न र मात्र सीमित सङ्ख्यामा मुद्रित गरी सम्वन्धित ठाउँमा पत्रिका पुऱ्याउनु इत्यादिमा यही वर्गीकरण र यसले अवलम्वन गरेको गलत नीतिको महत्त्वपूर्ण भूमिका छ।

वर्गीकरण गर्दा स्थानीय वजारमा प्रेस काउन्सिलले जांच गर्दैन भन्ने तथ्य *मुक्ति आवाज* ०५७/०५८ को वर्गीकरणमा कुनै पनि वर्ग साथै नियमित पत्रिकाको सूचीमा समेत नपरेको घटनाले पनि पुष्टि गर्छ। *मुक्ति आवाज*को प्रकाशन नियमित नै छ, तर संयोगवस त्यो प्रेस काउन्सिलमा समयमा आइपुगेन, यही कारण अनियमित भयो। तर धेरै त्यस्ता पत्रिकाहरू प्रेस काउन्सिलको वर्गीकरणमा छन् जुन स्थानीय वजारमा छैनन् (जस्तैः *पर्वत, धरणी, कोसेली, पुष्पाञ्जली, शान्ति नेपाल, मोरङ साप्ताहिक, हिजोआज* आदि)। वर्गीकरणमा कतै नपर्ने घटना वुटवलवाट प्रकाशित *नयाँ राज्यसत्ता*संग पनि दोहोरिन लागेको थियो। तर हुलाकवाट पठाउँदा समयमा नपुगेको कारण त्यो पछि कुरियरवाट पठाइयो र वर्गीकरणमा छुटेन।[३१]

वर्गीकरणसँगै विज्ञापनका केही नियमहरू पनि गाँसिएका छन्। अहिले आएर सरकारी विज्ञापन छाप्न पनि काउन्सिलको वर्गीकरण प्रक्रियामा हरेक पत्रिका दर्ता हुनु पर्छ। त्यसैले सरकारी विज्ञापन छाप्नको निम्ति मात्र *कान्तिपुर*ले वर्गीकरण प्रक्रियामा आफ्नो दर्ता गरायो। विज्ञापन र वर्गीकरणको सम्वन्ध नहुन्जेलसम्म *कान्तिपुर* वर्गीकरण प्रक्रियामा संलग्न थिएन। विज्ञापनकै चर्चा गर्दा *कान्तिपुर* जस्तै 'क' वर्गमा परेका धरानको *व्लास्ट टाइम्स* अनि वुटवलको *जनसङ्घर्ष*ले काठमाडौंकै जस्तै सवै विज्ञापन छाप्ने हक राख्दैनन्। यदि वर्ग एउटै हो भने यिनीहरूले पाउने सुविधा र अधिकार पनि एउटै हुनु पर्ने हो। तर पासपोर्ट हराएको सूचना छाप्ने अधिकार, 'क' वर्गमा परेका यी पत्रिका लगायत क्षेत्रीय रूपमा निस्कने कुनै पनि पत्रिकालाई छैन। १० लाखभन्दा माथिको टेण्डर छाप्ने अवसर पनि क्षेत्रीय मिडियाले पाउँदैनन्। यसले स्पष्टसँग के भन्छ भने क्षेत्रीय पत्रकारितामाथि विभेदपूर्ण नीति छ सरकारको।

त्यसैले वर्गीकरण र विज्ञापनको हिसावले पहिलो त सरकारी नीतिमा स्पष्टता आउनु जरूरी छ। दोस्रो क्षेत्रीय मिडियाको लागि वर्गीकरण प्रक्रिया र विज्ञापनमा वेग्लै

३१. दीपिन राई, शेखर पराजुलीसँगको कुराकानीमा आधारित।

नीतिको निर्माण हुनुपर्छ। पर्याप्त स्रोत भएको काठमाडौं र सीमित स्रोत र अवसरकावीच अगाडि वढिरहेको क्षेत्रीय मिडियावीचको एउटै अस्पष्ट नीतिमा सरकारले अहिले दिइरहेका सहयोगले कुनै सकारात्मक परिवर्तन ल्याएको छैन र ल्याउने सम्भावना पनि न्यून छ। यो तथ्यलाई वुझेर नै सरकारले क्षेत्रीय मिडियालाई आर्थिक सहयोग उपलव्ध गराउन मिडिया विकास कोषको अवधारणलाई अघि वढाएको हुनुपर्छ।

**(ङ) मिडिया विकास कोष**

प्रेस काउन्सिलकै सक्रियतामा सहुलियत व्याज दरमा ऋण दिएर क्षेत्रीय पत्रकारितालाई प्राथमिक पूर्वाधारको विकाससहित अगाडि वढाउने हिसावले डेनिस सरकारको सहयोगी संस्था डेनिडाको सहयोगमा मिडिया विकास कोषको स्थापना सन् १९९५मा भएको हो। थोरैमा २ लाखदेखि धेरैमा १५ लाखसम्मको सहयोग यस कोष मार्फत् गर्ने योजना अन्तर्गत पूर्वमा विर्तामोडको श्रीअन्तु प्रकाशन प्रा. लि. र सुनसरीको सप्तकोसी प्रकाशनले १५-१५ लाखको सहयोग पनि पाएका हुन् (देशका विभिन्न भागमा अन्य ७ वटा प्रकाशन गृहहरूले पनि सहयोग प्राप्त गरेका थिए)। यो कार्यक्रम राम्रो हुँदाहुँदै देशभरी पूर्ण रूपमा असफल रह्यो र पूर्वमा पनि। कमजोरी फेरि पनि त्यही कार्यान्वयन पक्ष रह्यो। अझ भन्ने हो भने ऋण दिएपछि काउन्सिलले आफ्नो दायित्व पूरा भएको सम्झ्यो। काउन्सिलको नीति र उद्देश्यअनुसार ऋण पाएका संस्थाहरूले केके गरिरहेका छन्, ऋणको वैङ्किङ प्रकृयासँग के-कस्ता व्यावहारिक कठिनाइहरू छन्, ऋण पाएका प्रकाशनहरूले कस्तो समस्या झेल्दै अगाडि वढिरहेका छन्, त्यो रकमको उपयोग र व्यवस्थापन पक्ष कस्तो छ आदि विषयहरूमा काउन्सिलले खासै चासो पनि लिएन साथै कुनै परामर्श पनि दिएको छैन। २०५३-०५४ सालमा ऋण पाएका यी संस्थाहरूमा काउन्सिलका तर्फवाट २/३ जनाको टोलीले २०५७ सालको अन्त्यतिर निरीक्षण गरेको थियो। भनिन्छ ती प्रतिनिधिहरूले सवै कुरा ठीकै भएको निष्कर्ष निकाल्नु भयो। अनि ऋण प्राप्त संस्थाहरूको भनाइ छ प्रेस र पत्रकारितालाई सँगै लिएर जान सहुलियत ऋणको सहयोग दिइसकेपछि काउन्सिलकै योजनाअनुसार सरसल्लाह र व्यवस्थापकीय पक्षवाट आवश्यक परामर्श पनि दिनु पर्ने थियो, जुन काउन्सिलले कहिल्यै दिएन। तर सानो रूपमा पुरानो प्रविधिवाट पत्रिका निकालिराखेका प्रकाशनहरूलाई नयाँ प्रविधि ल्याउन रकमको वन्दोवस्त मिलाएर अन्य कुनै पनि सहयोग नदिएपछि त्यसको नतिजा नै के हुन सक्छ र भन्ने सोचाइ यिनै प्रकाशन संस्थाको छ। प्राप्त ऋण भुक्तानीको हिसावले श्रीअन्तु प्रकाशनले १९ लाख (व्याज सहित, अझ केही रकम वाँकी) र *सप्तकोसी* प्रकाशनले ८०% भन्दा वढी ऋण तिरिसकेको छ।[३२]

प्रेस काउन्सिललाई मिडिया विकास कोषको सहयोग कसरी अगाडि वढिरहेको छ भन्ने जानकारी नै नभएको होइन। सन् २००० मा प्रेस काउन्सिलले नै एमएसआइ

---

३२. सचिन पोखरेल, गोविन्दचन्द्र क्षेत्री, लीला वरालसँगको कुराकानीमा आधारित।

(Media Services International) लाई मिडिया विकास कोषको प्रभाववारे अध्ययन गर्न लगाएको थियो। यो विकास कोष व्यावहारिक कठिनाइका कारण प्रभावशाली नरहेको तथ्यलाई अध्ययनले स्वीकारेको छ। साना व्यवसायीमाथिको हिमालय वैंङ्कको पक्षपातपूर्ण दृष्टिकोणप्रति प्रायः सवै प्रकाशन गृहहरूको गुनासो छ। साथै मुद्रण प्रविधि वाहेक अन्य कुनै पनि पक्षमा सहयोग नगरेको मिडिया विकास कोषले आउने दिनहरूमा स्थानीय मिडियालाई परामर्श र अनुगमन, व्यवस्थापकीय र वजारशास्त्र सम्वन्धी तालिम, मुद्रण र विषयवस्तुको गुणस्तर वृद्धिमा सहयोग आदि विषयहरूमा आफूलाई केन्द्रित गर्नुपर्छ (एमएसआई २०००: ६-२१)। तर दुःखको कुरो कोषवाट सहयोग प्राप्त प्रकाशनगृहहरूले यत्तिका वर्षपछि समेत मिडिया विकास कोषको उद्देश्यवारे राम्रोसँग वुझेका छैनन्।

दुई वर्षअगाडि नै मिडिया विकास कोषको कमजोरीहरूलाई उल्लेखनीय रूपमा औंल्याउदै केही सुझावहरू सहित यो अध्ययन देखा परेको थियो। सम्भवतः यही कमजोरीका कारण मिडिया विकास कोषले नौओटा प्रकाशनगृहलाई ऋण उपलव्ध गराएपछि लामो समयसम्म कुनै पनि नयाँ प्रकाशन गृह वा रेडियोलाई ऋण उपलव्ध गराएको थिएन। तर २०५८ माघमा आएर पहिलो पल्ट रेडियो तर्फ कोषले *सप्तकोसी एफएम*लाई १५ लाख ऋणको व्याजदरमा ७ प्रतिशत सहुलियत दिएर आफ्नो पुरानो रणनीतिमा परिवर्तन ल्याएको छ। अर्थात् प्रकाशनगृह वा रेडियोले आफ्नो अग्रसरतामा देशको कुनै पनि सहरमा वैङ्क वा फाइनान्स कम्पनीवाट ऋण लिएमा त्यो ऋणको ७ प्रतिशत व्याज मिडिया विकास कोषले सहुलियतस्वरूप तिर्नसक्ने छ। यसको लागि मिडिया विकास कोषसँग पहिले नै मञ्जुरी लिएको हुनुपर्छ।

कोषको यो प्रयास र नयाँ रणनीतिले के देखाउँछ भने पहिला लगभग वैङ्किङकै कारोवार गर्ने मिडिया विकास कोषले अहिले मात्र ऋणमा सहुलियत प्रदान गरेर आफ्नो नीतिमा सुधार ल्याएको छ। यो सुधारको अर्को राम्रो पक्ष के पनि हो भने कुनै पनि प्रकाशन गृह वा रेडियोले पहिला आफ्नो प्रयासमा नै ऋण खोज्नु पर्ने हुन्छ अनि मात्र कोषले व्याजमा सहुलियत दिने छ। फलस्वरूप पहिलेको अवस्थामा जस्तो कोषको आफ्नै रकम डुव्ने सम्भावना अव कम छ।

**(च) पत्रकारिताको अवधारणा र शिक्षा**

यी तीनओटै शहरहरूमा पत्रकारितामा कस्ता व्यक्तिहरू संलग्न छन् भनेर हेर्ने हो भने कलमको भरमा वाँच्न खोज्नेको सङ्ख्या तुलनात्मक रूपमा थोरै छ। यसो हुनुको कारण पत्रकारिताको व्यावसायिक आकर्षण नहुनाले पनि हो। फलस्वरूप राजनीति गर्नको निम्ति पत्रकारिता अर्थात् कुनै पनि काम न पाएपछि पत्रकारिता गर्ने जमातको उपस्थिति पनि ठूलै छ। त्यसैले विशेष गरेर अगाडिका खण्डहरूमा उल्लेख गरेका पत्रकारको चरित्र र मौसमी पत्रिकाको जन्म पत्रकारिताको राम्रो अवधारण र शिक्षा नभएकाले पनि भएको हो।

पत्रकारिताको व्यावसायिक आचारसंहिता र शिक्षालाई यहाँ चर्चा गर्न खोजिएको हो। सम्पूर्ण पूर्वाञ्चलमा पत्रकारिता पढाइ हुने शिक्षण संस्थाहरू मात्र

तीनओटा छन्। यी सवै उच्च मावि तहमा मानविकीमा हुने १०० पूर्णाङ्कको पढाइ हो, जुन विर्तामोडको गोमेन्द्र उच्च माध्यमिक विद्यालयमा शैक्षिक शत्र २०५५/०५६ देखि र विराटनगरको मनोकामना एकेडेमी र सिटी कलेजमा क्रमशः २०५७/०५८ र २०५८/०५९ को शैक्षिक सत्रदेखि मात्र सुरु भएको हो। अर्थात् पत्रकारिताको अध्ययन गरिरहेको यो उत्पादनले व्यक्तिहरूले अहिले पत्रकारिता गर्न प्रारम्भ गरेको छैन।

उच्च माध्यमिकहरूमा सुरु भएको पत्रकारिता शिक्षाको चर्चा गर्दा गोमेन्द्र माविको स्थिति ज्यादै नाजुक छ। सुरुको वर्ष १७ जना पत्रकारिता पढ्ने विद्यार्थीवाट निकै उत्साहप्रद रूपमा अगाडि वढेको यहाँको पढाइले चौथो वर्षमा प्रवेश गर्दा कक्षा ११ मा एक जना पनि विद्यार्थी पाएन। दोस्रो र तेस्रो वर्षमा पनि विद्यार्थी सङ्ख्या क्रमशः ४ जना र ३ जनामा सीमित थियो। सुरुको वर्षमा विद्यार्थी सङ्ख्या उल्लेखनीय हुँदाहुँदै पनि यो सङ्ख्या निरासाजनक रूपले घट्नुमा विशेष गरेर शिक्षकको अभाव भएको भन्ने ठहर छ, गोमेन्द्रका प्रधान प्राध्यापक गणेशप्रसाद खनालको। "पत्रकारिता पढेका शिक्षकहरू नै पाइँदैनन् अनि स्थानीय पत्रिकाका सम्पादकको पढाउने फुर्सद नभएकाले व्यवस्थापनको प्राज्ञिक पृष्ठभूमि भएपनि यसो अरू समयमा पत्रकारितावारे अध्ययन गर्दै आफै पढाइरहेको छु," भन्नुहुन्छ, प्राध्यापक गोपाल खनाल। सुरुमा केही समय *विवेचना*का कार्यकारी सम्पादक मदन ढकालले नपढाएका होइनन् तर उनी प्राध्यापनमा भन्दा वढी अन्य विभिन्न कार्यक्रम र समारोहमा व्यस्त भएको अनुभव छ गणेशप्रसाद खनालसँग। फलस्वरूप आउने शैक्षिक सत्रदेखि पत्रकारिताको पढाइ स्थगित गर्ने सोच छ खनालको।

विराटनगरका दुवै उच्च माविको पत्रकारिता शिक्षामा देखिएको राम्रो पक्ष भनेको महिला विद्यार्थीहरूको उल्लेखनीय सङ्ख्या हो। २०५८ सालमा मनोकामना एकेडेमीको कक्षा ११ मा अध्ययनरत २२ जना विद्यार्थीमध्ये १५ जना छात्रा र ७ जना छात्र छन्। त्यस्तै कक्षा १२ मा पनि १८ जनामध्ये छात्राहरू १५ जना छन्। अनि सिटी कलेजमा पनि कक्षा ११ का ९ जना विद्यार्थी मध्येका ५ जना छात्रा नै हुन्। "हुन त स्थानीय मिडियावारे म र सम्भवतः मेरा साथीहरूलाई पनि खासै केही थाहा छैन," भन्दै मनोकामना एकेडेमीको कक्षा १२ मा अध्यनरत, प्रशुना शर्मा थप्छिन्, "तर यो सञ्चारको युग हो र यस क्षेत्रमा हुँदै गएको आशालाग्दो विकासले गर्दा म जस्तो धेरै छात्राले यही विषय रोजेका हुनसक्छन्।" तर मनोकामना एकेडेमीका ७/८ जना विद्यार्थीहरू पत्रकारितामा अनुत्तीर्ण भएकाले पत्रकारिताको शिक्षालाई कसरी अगाडि वढाउने हो वा आगामी १/२ वर्षको परीक्षाफललाई हेरेर गोमेन्द्र उच्च माविले वन्द गर्ने निधो गरेभैँ मनोकामना एकेडेमीले पनि वन्द पो गर्नुपर्ने हुन्छ कि भन्ने विषयमा चिन्तित छन्, मनोकामनाका व्यवस्थापक दिनेश सुवेदी। मनोकामनाका राम्रा विद्यार्थीहरू अनुत्तीर्ण भएको देखेर कतै यो विषय लिएर भूल पो भएन भन्ने कुरामा मनन गर्दैछिन् सिटी कलेजकी मरिना शर्मा।

विर्तामोड र विराटनगरमा पत्रकारिताको पढाइ सँगसँगै कतै कलेजका प्राध्यापक र विद्यार्थीहरूमा चिन्ता छाएको जस्तो देखिन्छ। विराटनगरका दुवै कलेजहरूमा क्षेत्रीय सञ्चार स्रोत केन्द्रका तोया गौतमले पढाउनु हुन्छ। आफूले

नजानेका प्राविधिक पक्ष (जस्तैः- फोटोग्राफी, साजसज्जा आदि) मा, प्राविधिक पक्ष सवल भएका व्यक्तिहरूलाई ल्याएर पनि कक्षाहरू सञ्चालन गर्नु हुन्छ। तर पनि परीक्षाफल भने राम्रो आएन। यसो हुनुमा सानोठिमी उच्च शिक्षा परिषद्ले पाठ्यक्रमलाई कसरी अगाडि वढाउने भन्ने विषयमा गतिलो निर्देशन पनि नदिनु हो। अर्कोतर्फ पाठ्यपुस्तक र अन्य सहयोगी सामग्रीको पनि प्रशस्तै अभाव खट्किएको छ। यदि आउने वर्षहरूमा परीक्षाफल यसरी नै निराशाजनक वन्दै गयो भने गोमेन्द्र उच्च माविले जस्तै विराटजगरका कलेजहरूले पनि पत्रकारिताको पढाइ वन्द गर्न धेरै कुर्नुपर्ने छैन।[३३]

उच्च माध्यमिक तहको पत्रकारिता शिक्षामा देखिएको आशालाग्दो महिला संलग्नता साथै कमजोर परीक्षाफल र शिक्षकको अभावसँगै महेन्द्र वहुमुखी क्याम्पस, धरानको अग्रसरतामा त्रिभुवन विश्वविद्यालयले सोही क्याम्पसलाई स्नातक तहमा पत्रकारिता पढाउने स्वीकृति दिएको छ। त्यसैले आगामी सत्र २०५९/०६० देखि धरानमा राजधानीवाहिर पहिलो पटक स्नातक तहमा पत्रकारिताको पढाइ हुने भएको छ। तीन वर्षसम्म त्रिविले कुनै पनि दरवन्दी नदिने भएकाले आर्थिक र मानवीय स्रोत जुटाउने चुनौती भने महेन्द्र कलेजसँग विद्यमान छ। तर नेपाल प्रेस इन्स्टिच्युटले तीन वर्षको लागि उपलव्ध गराउने दुई जना प्राध्यापक र धरान नगरपालिकाले सुरुका तीन आर्थिक वर्ष रू. १ लाखको दरले सहयोग गर्ने प्रतिवद्धता देखाउनु आशालाग्दा केही सम्भावनाहरू हुन्।[३४]

पत्रकारिता शिक्षा १०० पूर्णाङ्कको ऐच्छिक पत्रका रूपमा भने त्रिविले तीन वर्षे स्नातक तहको शैक्षिक प्रणाली प्रारम्भ गरेकै वर्षदेखि मानविकीको मेजर नेपाली पढाइ हुने अधिराज्यका सवै क्याम्पसमा सुरु भएको हो। उपयोगिताको दृष्टिकोणवाट यो ऐच्छिक पत्रको प्रभावकारिता शून्य छ। १०० पूर्णाङ्कको यो पत्रमा ६० अङ्कको लागि एउटा समाचार पत्रिका र एउटा साहित्यिक पत्रिका विद्यार्थीले नमुना स्वरूप वनाउनु पर्ने हुन्छ, २० अङ्कमा विशेष गरेर समाचार लेखन पर्छ (तर यो कलेज अनुसार फरक हुनसक्छ) र अर्को २० अङ्कको स्थानीय ठाउँमा उपलव्ध पत्रकारिताको विज्ञलाई राखेर मौखिक परीक्षा हुन्छ। यो १०० अङ्क पूर्णरूपमा स्थानीय कलेजको हातमा हुन्छ। अझ स्पष्टसँग भन्दा नेपालीको प्राध्यापकको हातमा मात्र हुन्छ। त्रिविको कुनै निर्देशन छैन न त यसको कुनै परीक्षा वा प्रश्नपत्र नै हुन्छ। यी पक्षसँगै अर्को विशेषता भनेको स्नातक तहमा मेजर गणित वाहेक अन्य जुनसुकै विषय लिएर पढेका विद्यार्थीले पनि तेस्रो वर्षमा यो ऐच्छिक पत्र रोज्न सक्छन्। यी तीनओटै सहरको सवै क्याम्पसमा ऐच्छिक विषयमा पत्रकारिता लिंदा अङ्क वढी आउने भएकाले हरेक वर्ष यो विषय रोज्ने विद्यार्थीहरूको सङ्ख्या वढ्दो छ।[३५]

यीवाहेक क्षेत्रीय सञ्चार स्रोत केन्द्रले २०५२ सालमा स्थापना भए यता पत्रकारिताको आधारभूत ज्ञान र सीपको अभाव हटाउने उद्देश्यले २०५८ पुससम्ममा

---

३३. दिनेश सुवेदी, प्रशुना शर्मा, गोपाल खनाल, मेरिना शर्मासँगको कुराकानीमा आधारित।
३४. चन्द्रमणि अधिकारी, हर्ष सुव्वा, तोया गौतमसँगको कुराकानीमा आधारित।
३५. गङ्गा अधिकारी, नकुल काजी, चन्द्रमणि अधिकारीसँगको कुराकानीमा आधारित।

९० ओटा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिसकेको छ। छ वर्षमा १००६ जनाले स्रोत केन्द्रको प्रशिक्षण प्राप्त गरिसकेका छन्। यस्ता प्रशिक्षण कार्यहरूमा आधारभूत पत्रकारिता तालिम, विकासमूलक पत्रकारिता तालिम, फोटो पत्रकारिता तालिम, समाचार लेखन तालिम, विज्ञापन तथा वजार व्यवस्थापन तालिम, साना समाचारपत्र व्यवस्थापन कार्यशाला, सामुदायिक सञ्चारसम्वन्धी तालिम, खोजी पत्रकारिता तालिम, आर्थिक समाचार लेखन कार्यशाला, फिचर लेखन कार्यशाला, मुद्रण प्रविधि कार्यशाला आदि रहेका छन् (शर्मा र अरूहरू २०५७: ५२-५३)। तर पहिलो खण्डको मानवीय स्रोत र प्रविधिमा भने जस्तै यी विभिन्न प्रकारका तालिम र कार्यशालाको उल्लेखनीय उपलव्धि हासिल गरेका यहाँका केही राम्रो वितरण भएका पत्रिकाका सम्पादकहरूले महसुस गरेका छैनन्। प्रशिक्षण प्राप्त व्यक्तिको सङ्ख्या र यी व्यक्तिहरूको स्थानीय पत्रकारितामा भएको संलग्नतालाई हेर्ने हो भने यो सहभागिता सोचे जस्तो उत्साहजनक र आशलाग्दो नभएको महसुस तोया गौतमलाई पनि छ। तर केसम्म स्वीकार्नु पर्छ भने यस्ता प्रशिक्षण र कार्यशालाहरूले स्थानीय रूपमा पत्रकारिता एकल व्यक्तिको प्रयासवाट मात्र हुँदैन, यसका लागि विभिन्न प्रकारका ज्ञान र सीपको आवश्यकता पर्छ भन्ने सोचाइमा प्रभाव पारेको छ। अर्को पक्षवाट यी कार्यशाला र तालिमहरूले कहिले पनि व्यावसायिक सोच र नैतिक धरातल निर्माण गर्न भूमिका खेल्दैनन्। त्यसैले पनि पत्रकारिताको शिक्षामा देखिएको नयाँ प्रयासहरूसँगै चुनौतीमा क्रमशः सुधार हुँदै जानु अति जरूरी वनेको छ।

विर्तामोड र विराटनगरमा पत्रकारिताका पढाइ प्रारम्भ भएपनि स्थानीय वजारमा अहिलेसम्म पत्रकारितामा शिक्षा हासिल गरिसकेका व्यक्तिहरू आइसकेका छैनन्। त्यसैले यी सहरहरूका पत्रकारितामा देखिएका प्रवृत्तिको चर्चा गर्दा एकातर्फ पत्रकारिता शिक्षाको अभाव अर्कोतर्फ अगावैदेखि राजनितिक वा अन्य निहित स्वार्थ वोकेर यस पेसामा लागेका व्यक्तिहरूले अचारसंहिता शव्दलाई लेख, विचार र कागजमा मात्र सीमित वनाएका छन्। पत्रकारिता व्यवसायले समाजमा खेल्न सक्ने भूमिका, यस व्यवसायसँग गाँसिएको नैतिक र पेसागत इमान्दारी र यी क्षेत्रहरूमा लामो समयदेखि विशेष गरेर एकल रूपमा वा सामूहिक रूपमा अचारसंहिताविहीन पत्रकारिता अभ्यास गरिरहेका व्यक्तिहरूलाई स्थानीय पत्रकारिताको आवश्यकतावारे पाठ पढाउनु आवश्यक छ। यो पाठ कसरी पढाउन सकिन्छ भन्ने ठूलो चुनौती भने विद्यमान छ। तर यी क्षेत्रहरूमा सुरु भएको पत्रकारिताको शिक्षावाट आगामी वर्षहरूमा अलि फरक किसिम वा नयाँनयाँ अवधारणा र प्रविधिसँगै पत्रकारिताको थालनी हुन्छ कि भनेर अपेक्षासम्म गर्न सकिन्छ।

### (छ) खोज पत्रकारिता

माथिका उपशीर्षकहरूमा विश्लेषण गरिएका र औंल्याइएका विशेष गरेर अर्थतन्त्रसँग जोडिएर जन्मेका अनेकौं व्यावहारिक र नैतिक समस्याहरू (जसका विभिन्न पक्षहरू आज व्यावसायिक चुनौतीका रूपमा देखा परिरहेका छन्) वीच खोज पत्रकारिता कति सम्भव छ भनेर आफैं अनुमान गर्न सकिन्छ। यसै पनि खोज पत्रकारिताको

अवधारणामा समेत अस्पष्टता गाँसिएको छ भनेर यसै अध्ययनको सिलसिलामा ११-१२ असोज २०५८ मा 'खोज पत्रकारिता किन अवरूद्ध छ?' शीर्षकको मार्टिन चौतारीले आयोजना गरेको दुई दिने छलफलले देखाइसकेको छ। यसमा दुईथरिको अवधारण देखापरेको थियो। आर्थिक हिनामिनासँगको बारेमा गरिएको खोजपूर्ण समाचार नै खोज पत्रकारिता हो भन्ने अलिक साँगुरिएको परिभाषा र सामाजिक साथै नैतिक अनियमितताकाबारे गरिएका खोजपूर्ण समाचारहरू पनि खोज पत्रकारिता हुनसक्छन् भन्ने अलिक फराकिलो दृष्टिकोण। र यस फराकिलो परिभाषामा मत राख्ने लेखक/पत्रकारहरूको सङ्ख्या पनि ठूलो थियो।

स्थानीय पत्रकारितामा छिटपुट खोज पत्रकारिताका अभ्यासहरू भने नभएका होइनन्। जलाधार क्षेत्र संरक्षणको लागि २०३२-०३३ सालमा दुई सय घरपरिवारको वस्तीहरू हटाएर जग्गामा भएको भू-माफियासम्बन्धी गोपाल देवानले *एक्सन टाइम्स*मा गरेका तीनओटा रिपोर्टिङले धरानमा ठूलो हलचल ल्याएको थियो (देवान २०५८क; २०५८ख; २०५८ग)। अहिले त्यसवेलाको जग्गा गिरोहमा संलग्न व्यक्तिहरूमा धरान नगरपालिकाले मुद्दा चलाएर कारवाही गर्ने प्रक्रिया अगाडि सारिरहेको छ। गोपाल देवानले नैं लेखेको भीमनगर-धरान रेल्वेमार्ग २०१६-०२६ मा चलेको मालवाहक रेल सेवाले वन तथा वन्यजन्तु विनाशमा पारेको प्रभाव र पछि लिक चोरीमा सङ्गठित सक्रिय गिरोहबारेका दुईओटा खोजमूलक समाचार पनि राम्रै नमुना हो (देवान २०५८घ; २०५८ङ)। साथै विर्तामोड र धरान दुबै ठाउँमा समयसमयमा त्यहाँका विभिन्न केविन रेस्टुरेन्ट, भन्सारमा हुने अनियमित गतिविधिहरूबारेका समाचारहरूले चर्चा पाउने गरेका छन्। तर जिविस, नगरपालिका, जिल्ला अदालत वा अन्य स्थानीय सरकारका विषयमा समीक्षात्मक समाचार वा अलोचनात्मक टिप्पणीहरू भने खासै पढ्न पाइँदैन। अनि विराटनगरको सन्दर्भमा स्थानीय पत्रिकामा प्रकाशित सामग्रीले चर्चा पाएको विरलै सुन्न वा पढ्न पाइन्छ।

खोज पत्रकारितामा देखिएको अभावलाई काठमाडौंकै पत्रकारितामा भएको अभ्यास र उदाहरणलाई लिएर पनि चर्चा गर्न सकिन्छ। *कान्तिपुर* वा केन्द्रका अन्य पत्रिकाहरूमा निरन्तर रूपमा एउटै विषयमा समाचारहरू लेखेर त्यसले सनसनी मच्चाएका उदाहरणहरू हामीसँग विरलै छन्। तर लाउडा काण्ड, चाइना साउथ-वेष्ट विमानमा भएको भ्रष्टाचार काण्ड, आदि सवालहरूलाई मिडियाले नै अगाडि ल्याएको हो। त्यस्तै नेपाल-भारत सीमा विवादलाई लिएर *कान्तिपुर*का नारायण वाग्लेले २०५२ सालताका कालापानीसम्बन्धी गरेका रिपोर्टिङलाई पनि उल्लेखनीय मान्नुपर्छ। अनि पूर्वाञ्चलकै उदाहरणलाई अगाडि सार्दा माथि नै उल्लेख भइसकेको काठ काण्डमा *कान्तिपुर*का विकास थापाका समाचारहरू, *नेपाल समाचारपत्र*का यज्ञराज शर्माले कोसी टप्पुमा सेनाले गरेको जग्गा अतिक्रमणबारेको सामाचार लेखेपछि जन्मिएका विवादहरूलाई पनि महत्त्वपूर्ण मान्नुपर्छ। अनि खोज पत्रकारिता केन्द्रकै चर्चा गर्ने हो भने पनि 'नेपालको औषधि वजार' (दाहाल २०५८) र 'माओवादीको नाउँमा पेसेवर डाँकाको दशैं' (मैनाली र चन्द्रकिशोर २०५७) जस्ता समाचारहरू केन्द्रले अध्ययन गराएर चर्चामा आएका केही उदाहरणहरू हुन्। त्यसैले खोज

पत्रकारिताको चर्चा गर्दा हामीसँग औंलामा गन्न सकिने यस्ता नमुनाहरू मात्रै छन्। केन्द्रवाट प्रकाशित हुने र देशभरि वितरण हुने प्रभावशाली दैनिक र पाक्षिक पत्रिकाहरूमै खोजमूलक समाचारको अभाव रहेको अवस्थामा स्थानीय पत्रिकाहरूमा यस्ता समाचारहरूको तुलनात्मक रूपमा अभाव हुनु स्वाभाविक हो।

पूर्वाञ्चलमा खोज समाचारहरूको सङ्ख्या कम छ। तर देशभरिका मिडियाको अभ्यासलाई ध्यानमा राख्ने हो र यहाँको सीमित स्रोत र साधन अनि क्षेत्रीय मिडियाका समस्याहरूलाई मूल्याङ्कन गर्ने हो भने यी पत्रिकाहरूले आशा गरेभन्दा वढी नै प्रयास गरेका हुन् भन्ने तर्क रवीन्द्र चक्रवर्तीको छ। तर, यस्ता उदाहरणहरूको सङ्ख्या एकदमै न्यून हुनुमा माथि विश्लेषण गरिएका चुनौतीहरू र यो लेखमा गरिएका अन्य विश्लेषणमा परेका तथ्यहरूको भूमिका ठूलो छ। यसका साथै यो लेखभरि उल्लेख नभएको तर ठूलो चुनौतीको रूपमा अगाडि वढिरहेको अर्को पक्ष पत्रकार/सम्पादकहरूमा रहेको अध्ययन नगर्ने वानी हो। यो अध्ययन नगर्ने वानीले अन्य विभिन्न चुनौतीहरूलाई पनि टेवा पुऱ्याइरहेको छ।

## निष्कर्ष

यहाँ आएर के भन्न सकिन्छ भने पूर्वाञ्चलका मिडिया सामाजिक निगरानीको भूमिका खेल्नै नसक्ने अवस्थामा भने छैनन्। लगानी र व्यवस्थापन पक्षका एकप्रकारले प्राविधिक समस्या टड्कारो वनेको छ। साथै कुख्याती कमाएका पत्रकारहरूको प्रवृत्तिसँगै सानो लगानी, सीमित भौगोलिक क्षेत्रमा रहेको प्रभाव, विज्ञापनको अस्वस्थ प्रतिस्पर्धा जस्ता विभिन्न समस्याहरूले ग्रसित भएको अवस्थामा यही पेसाभित्रका असल व्यक्तिहरूले भने जुझारूपनको धैर्यता कतै गुमाइसके जस्तो लाग्छ। धेरै पत्रकारहरूमा व्यावसायिक प्रतिवद्धता नहुनाले दिनरात मिहिनेत गर्ने पत्रकारहरूलाई आजित तुल्याएको छ। अनि वजार नै निर्माण गर्न नसक्ने भौगोलिक र आर्थिक क्षेत्र पनि होइन यो। तर सवै व्यापारीहरूले काठमाडौंकै ठूलठूला प्रकाशनगृहहरूमा लगानी गर्ने र सानो ठाउँलाई गन्दै नगन्ने हुनाले पनि यहाँको मिडियालाई वजार र पाठकको समस्या परेको हो। यदि एउटा मात्र सहरमा केन्द्रित नभई सम्पूर्ण पूर्वाञ्चललाई समेटेर एउटा राम्रो थालनी गर्ने हो भने वा अहिले भएकै पत्रिकामध्ये कसैले व्यवस्थापन र आर्थिक पक्षलाई सँगसँगै वलियो र छरितो वनाएर लगेमा सम्भावनाहरू यहाँ प्रशस्तै छन्।

केन्द्रका दैनिक पत्रिकाहरूको संस्करण निस्कन थाले पनि क्षेत्रीय मिडियाले समेट्न सक्ने स-साना विषयवस्तुको विविधतालाई ती प्रकाशनहरूले ठाउँ दिएर अगाडि वढ्नु अलि कठिन कुरो हो। त्यसैले पनि स्थानीय पत्रिकाको महत्त्व र आवश्यकता भने रही नै रहन्छ। अझ विराटनगरको सन्दर्भमा त अहिले धरान र विर्तामोडमा भएका जस्ता पत्रिका पनि छैनन्। त्यसैले यहाँको पत्रकारितामा देखिएका प्रयास र प्रवृत्तिवारे राम्रै वहसहरू चल्नु र मिडियाको विश्लेषण हुनु अति आवश्यक भएको छ। विराटनगर र झापामा पढाइ भइरहेको र धरानमा स्नातक तहमा प्रारम्भ हुन लागेको पत्रकारिताको शिक्षाले अगामी दिनहरूमा यी विश्लेषण र वहसहरूमा केही

ठोस सहयोग पुऱ्याउँछन् कि भनेर अव आशासम्म गर्न सकिन्छ। तर यसको लागि माथि औंल्याइएका शैक्षिक समस्याहरूमा क्रमिक सुधार हुँदै जानुपर्छ।

त्यस्तै सरकारले पनि स्थानीय मिडियालाई सहयोग गर्ने हो भने केही ठोस कार्यक्रम र उपायहरू लिएर व्यवस्थित प्रक्रियावाट अगाडि आउनुपर्छ। सञ्चारकर्मीहरू र मिडियाको प्रवर्द्धनमा चासो लिने विभिन्न दातृ संस्था र गैरसरकारी संस्थाहरूको दवावका कारण मात्र सहयोग गरेको जस्तो अहिलेको चालले त झनै वढी गलत अभ्यासहरूको सृजना गर्न सघाउ पुऱ्याउँछ। यदि यस्तै पाराले सहयोग गरिरहनुभन्दा त त्यो सहयोगलाई वन्द गऱ्यो भने कमसेकम च्याउ उम्रे जसरी पत्रपत्रिकाहरू उम्रिने थिएनन् भने मिडियालाई प्रयोग गरेर सरकारी तवरवाट राजनीतिक फाइदा लिने व्यक्तिहरूको सङ्ख्यामा पनि कमी आउने थियो।

यी सहरहरूमा पढ्ने संस्कारको ठूलो अभाव छ। त्यसैले स्थानीय पुस्तकालयहरूको सङ्ख्या ज्यादै न्यून हुनु र भएकै पुस्तकालयहरू पनि व्यवस्थित नहुनुलाई विडम्वना नै मान्नुपर्छ। यही स्रोत र पुराना अभिलेखहरूको खडेरीमा स्थानीय मिडियाका अनगिन्ती प्रयासहरू मात्र मौखिक इतिहास वनेका छन्। केही व्यक्तिहरूको नितान्त व्यक्तिगत सङ्ग्रहमा छरपष्ट लिखित अभिलेखहरू भने अवश्य सुरक्षित हुनसक्छन्। मूलतः कुन पत्रिका कहिले दर्ता भयो, कति अङ्क प्रकाशित भयो अनि कहिले मऱ्यो भन्ने विषयहरूभन्दा वाहिर अलिक फराकिलो भएर पूर्वाञ्चलको मिडियावारे सामाजिक इतिहासहरू खासै लेखिएका छैनन्। आफूलाई मिडियाको धरोहर सोच्ने यहाँका स्थानीय वुद्धिजीवीहरूले यतातिर पनि ध्यान पुऱ्याउनु जरूरी छ।

जसरी स्रोत, साधन र पाठकका अभावै अभाववीच जुन प्रकाशनहरूले पत्रंकारिता गर्नकै निम्ति मात्र प्रकाशन गरिरहेका छन् तिनीहरूको व्यवसायप्रतिको लगनशीलता, उत्कृष्ट र निरन्तर प्रयासको सवैले कदर गर्नुपर्छ। साथै यी पत्रकारिताका अभ्यासकर्ता र सरकारले क्षेत्रीय मिडियालाई कसरी टेवा पुऱ्याउने र संरक्षण गर्ने भनेर योजना र अवसरको तर्जुमा गर्न आवश्यक छ। तर जसले पत्रकारितालाई माध्यम वनाएर गलत क्रियाकलाप गरिरहेका छन् तिनीहरूलाई दुरूत्साही गर्न, तिनै पत्रकारहरूले गरिरहेका गलत क्रियाकलाप विरूद्ध खोज पत्रकारिता गर्न अनिवार्य छ। आफ्नो नैतिकताको असल परिचय दिने र इमानको कुरा गर्न पछि नहट्ने पत्रकारहरूले आफ्नो चरित्रको साथै व्यावसायिकताको परिचय दिने योभन्दा राम्रो अन्य अवसरहरू हुने छैन। त्यसैले यी क्षेत्रहरूमा पत्रिकाहरूले स्थानीय निकायहरूलाई ठीक ठाउँमा राख्न यी मध्येका सानो पत्रकारहरूको समूहले आफ्नै व्यवसाय माथि पनि निगरानी राख्नु जरूरी छ।

## स्रोत व्यक्ति

**झापा**

१. इन्द्रसिंह राजवंशी, पत्रकार, *पूर्वाञ्चल*
२. डा. ऋषिकेश उपाध्याय, चिकित्सक र समाजसेवी
३. केशव आचार्य, सम्वाददाता, *स्पेसटाइम*
४. कृष्ण धरावासी, लेखक
५. गणेशप्रसाद खनाल, प्रधानअध्यापक, गोमेन्द्र उच्च मावि
६. गङ्गा अधिकारी, प्राध्यापक मेची बहुमुखी क्याम्पस
७. गोपाल बस्नेत, सम्पादक, *साझा मञ्च*
८. गोविन्दचन्द्र क्षेत्री, सम्पादक, *पूर्वाञ्चल*
९. चन्द्रमणि वशिष्ट, प्राध्यापक, मेची बहुमुखी क्याम्पस
१०. डिल्लीराम निर्भीक, सम्पादक, *हिजोआज*
११. तारामणि सापकोटा, सम्वाददाता, *ब्लास्ट टाइम्स*
१२. दीपिन राई, सम्पादक, *मुक्ति आवाज*
१३. नकुल काजी, प्रधान सम्पादक *विवेचना*
१४. पवन राजवंशी, कार्टुनिस्ट
१५. माधव विद्रोही, सम्पादक, *स्वाधीन सम्वाद*
१६. मोहनकाजी न्यौपाने, सहसम्पादक, *विवेचना*
१७. रवीन्द्र चक्रवर्ती, प्राध्यापक, राजनीति शास्त्र
१८. राजेन्द्र चापागाई निर्देशक, *विवेचना*
१९. रूपक खनाल, प्राध्यापक, गोमेन्द्र उच्च मावि
२०. लीला उदासी, अधिवक्ता, पूर्व सम्पादक, स्वधीन सम्वाद
२१. लीला बराल, *पूर्वाञ्चल*

**धरान**

२२. आनन्दकुमार श्रेष्ठ, सम्पादक/प्रकाशक, *मर्निङ्ग पोस्ट*
२३. इच्छा सापकोटा, *सप्तकोसी एफएम* (इटहरी)
२४. कृष्ण श्रेष्ठ, स्वतन्त्र वुद्धिजीवी
२५. गिरिराज आचार्य, सम्पादक/प्रकाशक, *पूर्व टाइम*
२६. गोपाल गुरागाईं, *सप्तकोसी एफएम*
२७. चन्द्रमणि अधिकारी, सम्पादक/प्रकाशक *आरसी साप्ताहिक*
२८. भवानी बराल, सम्पादक/प्रकाशक, *विजयपुर साप्ताहिक*
२९. भैरव आङ्ला, पत्रकार, *श्री सयपत्री सन्ध्याकालीन*
३०. मनोज मेयाङ्वो, मेयर, धरान नगरपालिका
३१. राजकुमार कार्की, प्रधान सम्पादक *ब्लास्ट टाइम्स*
३२. राजेन्द्र शर्मा, प्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस
३३. राजेश विद्रोही, सम्पादक, *एक्सन टाइम्स*
३४. विश्वराम कार्की, मार्केटिङ्ग, *श्री सयपत्री सन्ध्याकालीन*
३५. विष्णुहरि ढकाल, स्टेशनमेनेजर *सप्तकोसी एफएम* (इटहरी)
३६. सचिन पोखरेल, सचिव, नेपाल पत्रकार महासङ्घ सुनसरी
३७. सरोज पोखरेल, मेनेजर, पाथिभरा विज्ञापन एजेन्सी

३८. रवीन गिरी, सम्वाददाता मर्निङ्ग पोस्ट
३९. हर्ष सुव्वा, सम्वाददाता, *कान्तिपुर*
४०. हिमाल राई, प्रकाशक *एक्सन टाइम्स*

विराटनगर

४१. अखण्ड भण्डारी, डेस्क, *कान्तिपुर*
४२. कमल रिमाल, पत्रकार, *सन्ध्याकालीन*
४३. केशवबहादुर कार्की, सम्पादक, *जनआवाज*
४४. गणेशप्रसाद शिवाकोटी, सम्पादक, चाणक्य
४५. जनार्दन मैनाली, पत्रिका विक्रेता
४६. जीवेश्वर लाखे, पूर्व सम्पादक, *दिग्दर्शन*
४७. टङ्क खनाल, वीवीसी सम्वाददाता
४८. तोया गौतम, संयोजक, क्षेत्रीय सञ्चार स्रोत केन्द्र
४९. दिनेश सुवेदी, मेनेजर, मनोकामना एकेडेमी
५०. दुर्गा सुवेदी, स्वतन्त्र वुद्धिजीवी
५१. ध्रुव खड्का, पत्रिका विक्रेता
५२. नन्दिकिशोर भण्डारी, पी ए, मेयर
५३. परशु प्रधान, साहित्यकार
५४. प्रमोद प्रधान, रासस
५५. प्रशुना शर्मा, विद्यार्थी पत्रकारिता, मनोकामना एकेडेमी
५६. मेरिना शर्मा, विद्यार्थी पत्रकारिता, सिटी कलेज
५७. यज्ञराज शर्मा, सम्वाददाता, *नेपाल समाचारपत्र*
५८. रमेशचन्द्र पौडेल, मेयर
५९. राधाप्रसाद घिमिरे, पूर्वसञ्चार मन्त्री
६०. ऋद्धि निरौला, अल नेपाल एड्भर्टाइजिङ्ग सर्भिस
६१. लीला सुवेदी, पाथिभरा विज्ञापन एजेन्सी
६२. विकास थापा, सम्वाददाता, *कान्तिपुर*
६३. विष्णु सुवेदी, सुवेदी न्युज एजेन्सी
६४. शयनध्वज राई, सञ्चार केन्द्र, सूचना विभाग
६५. शिव कार्की, सम्पादक, *दिग्दर्शन*
६६. सन्देश श्रेष्ठ, स्टेशन मेनेजर, *कोसी एफएम*

## सन्दर्भ सामग्री

ओझा, नारद। २०४८। *पत्रकारिताः मेरो यात्रा*। प्रमोद प्रधान, सं.। विराटनगरः पत्रकार कल्याण कोष।

काजी , नकुल। २०५८। नेपाली पत्रकारिता र वर्तमान प्रजातन्त्र। *विवेचना,* असोज २८, पृ. ३ र ४।

कोइराला, शशि। २०५८। सुनसरीमा पत्रपत्रिकाः धेरै दर्ता, थोरै नियमित। *नेपाल समाचारपत्र,* माघ ३, पृ. ३।

श्रेष्ठ, अमृतलाल। २०५५। मेची अञ्चलमा पत्रकारिता विकास। *मेची-दंपर्ण*। देवी पन्थी, सं., पृ. ९०-९३। झापाः विष्णुबहादुर सिंह।

श्रेष्ठ, पार्वती, यज्ञराज शर्मा, उत्तमराज कोइराला, इन्द्र काफ्ले, विजयकुमार पाठक, सं.। २०५८। *चौथो अङ्गः पत्रकार स्मारिका*। विराटनगरः नेपाल पत्रकार महासङ्घ।

गोरखापत्र। २०५८। धरानमा पत्रकारिता विषयमा स्नातक तहको पढाइ हुने। पुस १८, पृ. ६।

गौतम, तोया। २०५८। पूर्वी नेपालको पत्रकारिता। *नेपाल समाचारपत्र*, वैशाख २४, पृ. ४।

चिरफार। २०५५। चिरफारद्वारा छलफल कार्यक्रम। असोज ९, पृ. १ र ४।

चिरफार। २०५४। मोरङमा इमानदार पत्रकारहरूको कमी छैन। चैत्र २०, पृ. ४।

डेलि मर्निङ्ग पोस्ट। २०५८क। आजदेखि सप्तकोसी एफएम सुरु। असोज २९, पृ. १।

डेलि मर्निङ्ग पोस्ट। २०५८ख। एफएमको क्रेज र विचित्रको भाषा। असोज ५, पृ. १ र ४।

थापा, विकास। २०५७। मूल्यवान काठ तोकका आधारमा वितरण गर्दा करोडौंको राजस्व नाश। *कान्तिपुर*, माघ ८, पृ. १।

थापा, विकास। २०५७। हावाहुरीले ढालेका रूख करोडौं राजस्व छल्ने धन्धामा। *कान्तिपुर*, माघ १७, पृ. १।

थापा, विकास। २०५७। काठ दिने 'आदेश'बाट पचास लाख राजस्व घाटा। *कान्तिपुर*, फागुन ४, पृ. १।

थापा, विकास। २०५७। व्यापारीलाई सोझै काठ बेच्दा डेढ करोड घाटा। *कान्तिपुर*, फागुन ९, पृ. १।

थापा, विकास। २०५७। काठकाण्ड छानबिन टोलीद्वारा काम सुरु। *कान्तिपुर*, फागुन २४, पृ. १।

थापा, विकास। २०५७। काठ बिक्री गर्दा आएको अढाइ करोड अतिरिक्त रकम भागबण्डा। *कान्तिपुर*, चैत्र ९, पृ. १।

थापा, विकास। २०५७। आगलागीपीडितका नाममा व्यापारीलाई काठ। *कान्तिपुर*, चैत्र १८, पृ. १।

थापा, विकास। २०५८। ठेक्का पच्चीस हजारमा, भुक्तानी पचासहजारः सिंचाइ आयोजनाको सडक निर्माणमा अनियमितता। *कान्तिपुर*, फागुन ५, पृ. ३।

दाहाल, तोया। २०५८। नेपालको औषधि बजारः सक्कली र नक्कली सरोबर। हिमाल ११(१०), पृ. १०–१४।

दीपक पाण्डे। २०५८। सुनसरी-मोरङ सिंचाइ आयोजनाको कार्यशैली सच्याउन दातृसंस्थाको चेतावनी। *स्पेसटाइम*, पुस १५, पृ. १।

देवान, गोपाल। २०५८क। पुनर्वास, भू-माफिया र पानी आतङ्क। *एक्सन टाइम्स*, असार ४, पृ. १ र ८।

देवान, गोपाल। २०५८ख। जलाधारीय उठान क्षेत्रको जग्गा बेच्ने भू–माफियालाई कार्वाही गर्न नपाले निवेदन दिनुपर्ने। *एक्सन टाइम्स*, असार ११, पृ. १ र ८।

देवान, गोपाल। २०५८ग। उठान क्षेत्रको जग्गामा सफेदपोश भू–माफियाहरूको राइँदाइँ। *एक्सन टाइम्स*, साउन १५, पृ. १ र ८।

देवान, गोपाल। २०५८घ। भीमनगर-धरान रेल्वेमार्गका कारण सुनसरीमा व्यापक वन तथा वन्यजन्तु विनाश। *एक्सन टाइम्स*, भदौ १८, पृ. १ र ८।

देवान, गोपाल। २०५८ङ। लिक चोरीमा सङ्गठित गिरोह सक्रियः भारतीय रेल्वे कर्मचारीहरू नै चोरीमा संलग्न। *एक्सन टाइम्स*, भदौ २५, पृ. १ र ८।

निर्भीक, डिल्लीराम। २०५५। *पत्रकारिता परिवेशः विविध विचार*। भद्रपुरः समाचार सम्प्रेषण सम्पादन र प्रकाशन केन्द्र।

नेपाल पत्रकार महासङ्घ। २०५६। *चौथौ अङ्कः स्मारिका*। विर्तामोड।

प्रधान, प्रमोद, मोहन भण्डारी, ठाकुरदेव ढुङ्गेल, रामरिझन यादव, यज्ञराज शर्मा, भारती उपाध्याय, सं.। २०५४। *चौथो अङ्गः पत्रकार स्मारिका*। विराटनगरः नेपाल पत्रकार महासङ्घ।

प्रधान, प्रमोद। २०४४। पत्रकारिताका दृष्टिले मोरङ जिल्ला। *केही अध्ययन केही अनुसन्धान,* पृ. १०७–१५३। काठमाडौंः कुमारबहादुर श्रेष्ठ।

प्रेस काउन्सिल। २०५८। *प्रेस काउन्सिल नेपाल छब्बीसौं वार्षिक प्रतिवेदन।* काठमाडौं।

भट्टराई, राजन। २०५५। विराटनगरको पत्रकारिता र यहाँका पत्रकारहरू। *चिरफार,* असोज २, पृ. १ र ३।

भण्डारी, अखण्ड। २०५४। पत्रकार, पत्रकारिता र किर्ते अनुहारहरू। *चिरफार,* माघ १६, पृ. १ र ४।

मेयाङ्वो, प्रदीप। २०५८। धरानको पत्रकारिताः घाटामा भए पनि अखबार निकाल्ने मोह। *स्पेसटाइम,* असोज २२, पृ. ३।

मैनाली, मोहन र चन्द्रकिशोर। २०५७। बारा-पर्साको उद्योग-व्यापारमा आक्रमणः माओवादीको नाउँमा पेसेवर डाकाँको दशैं। हिमाल १०(२२), पृ. १७–२०।

यादव, रामरिझन। २०५५क। विराटनगरमा पत्रपत्रिकाको कथा र व्यथा - १। *चिरफार,* साउन ८, पृ. ४।

यादव, रामरिझन। २०५५ख। विराटनगरमा पत्रपत्रिकाको कथा र व्यथा - २। *चिरफार,* साउन १५, पृ. ४।

यादव, रामरिझन। २०५५ग। विराटनगरमा पत्रपत्रिकाको कथा र व्यथा - ३। *चिरफार,* साउन २२, पृ. ४।

यादव, रामरिझन। २०५५घ। विराटनगरमा पत्रपत्रिकाको कथा र व्यथा - ४। *चिरफार,* साउन २९, पृ. ४।

यादव, रामरिझन। २०५५ङ। विराटनगरमा पत्रपत्रिकाको कथा र व्यथा - ६। *चिरफार,* भदौ १२, पृ. ४।

यादव, रामरिझन। २०५५च। विराटनगरमा पत्रपत्रिकाको कथा र व्यथा - ८। *चिरफार,* असोज २, पृ. ४।

शर्मा, यज्ञराज, दीपक दाहाल, पार्वती श्रेष्ठ, महेन्द्र विष्ट, शम्भु पोखरेल, सं.। २०५७। *चौथो अङ्कः पत्रकार स्मारिका*। विराटनगरः नेपाल पत्रकार महासङ्घ।

सन्ध्याकालीन। २०५६क। दया, करूणा र क्षमा। पुस ९, पृ. २।

सन्ध्याकालीन। २०५६ख। नियम पुऱ्याएर देश डुबाउने प्रशासन - २। पुस ६, पृ. ३।

सन्ध्याकालीन। २०५६ग। मानिस सुत्दा किन घुर्छ। पुस ६, पृ. ३।

क्षेत्रीय सञ्चार स्रोत केन्द्र। २०५५। *'स्थानीय पत्रिकाका समस्यां र समाधान' विषयक कार्यशाला प्रतिवेदन २०५५*। विराटनगर।

क्षेत्रीय सञ्चार स्रोत केन्द्र। २०५४। पाठक सर्वेक्षण-प्रतिवेदन। माघ/फागुन। विराटनगर।

CBS. 2001. *Preliminary Results of Population Census 2001*. Kathmandu: Central Bureau of Statistics.

CBS. 2001. *Statistical Year Book of Nepal 2001*. Kathmandu: Central Bureau of Statistics.

Media Services International. 2000. Impact of Media Development Fund (unpublished report). Kathmandu: Press Council Nepal.

Rajauriya, Seema, ed. 2000. *Annual Report 2000: A Comprehensive Report of Nepal Press Institute and its two Regional Media Resource Centres*. Kathmandu: Nepal Press Institute.

●